# प्रगति प्रतिवेदन (२०७४-२०७६)



१: सन्थाल तथा मुसहर सशक्तिकरण तथा क्षमता अभिवृद्धि परियोजना

२. दिगो जिविकोपार्जन तथा खाद्य सुरक्षा परियोजना

Lutheran Community Welfare Society (LCWS) 2066

## लुथरन सामुदायिक कल्याण समाज

रंगेली नगरपालिका-२, मोरङ्ग

# १. कार्यक्षेत्र










**गाउँपालिका तथा नगरपालिकाहरू:**

**मोरङ:** धनपालथान गाउँपालिका
रँगेली नगरपालिका
सुनवर्षी नगरपालिका
कानेपोखरी गाउँपालिका

**झापा:** कमल गाउँपालिका
शिवसताक्षी नगरपालिका



# २. अध्यक्षको भनाइ

प्रिय मित्र एवम् शुभचिन्तकहरु !

तपाईंहरु समक्ष लुथरन सामुदायिक कल्याण समाज (LCWS) को 'प्रगति प्रतिवेदन २०१४-२०१६ प्रस्तुत गर्न पाउँदा अत्यन्तै खुशी लागेको छ।' गरिब तथा सिमान्तकृत वर्गको सामाजिक तथा आर्थिक उत्थान गर्ने उदेश्य सहित सन् २०१० मा यस सँस्था LCWS को जन्म भएको हो । लुथरन विश्व फेडेरेसन नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा झापा तथा मोरङ्ग जिल्लाका सन्थाल-मुसहर लगायत अति विपन्न वर्गका समुदायहरुको बिचमा विपद जोखिम न्यूनीकरण, लक्षित वर्गको सँस्थागत विकास, जिविकोपार्जन, खानेपानी तथा सरसफाई र सु-शासनको क्षेत्रमा LCWS ले काम गरिरहेको छ । परियोजना सञ्चालनका क्रममा देखिएका विभिन्न व्यक्तिगत, सँस्थागत सामाजिक तथा राजनैतिक चुनौतीहरु लगायत देशको विषम परिस्थितिहरुको सामना गर्दै जानुलाई सँस्थाले आफ्नो सिकाई तथा अनुभवलाई अझ तिखार्दै लाने अवसरको रुपमा बुझेको छ । प्रभावकारी रुपमा परियोजना सञ्चालनका लागि र सँस्थाको उदेश्य प्राप्तिका लागि धार्मिक सहिष्णुता, भाइचारा, लैंगिक समानता, इमान्दारिता तथा सहकार्य जस्ता रणनीतिहरु यस सँस्थाले सँधै अवलम्बन गर्ने प्रयत्न गरेको छ र गरि नै रहनेछ ।

कार्यक्षेत्रमा विपदका दृष्टिकोणले अति जोखिम देखिएका क्षेत्रहरुमा विपद व्यवस्थापन समितिको गठन गरि समुदायका सदस्यहरुलाई प्राथमिक उपचार तालिम, आपतकालिन कोष सहयोग, अन्न भण्डार निर्माण जस्ता कार्यकलाप मार्फत विपद जोखिमको सामना गर्न समुदायस्तरका व्यक्तिहरुलाई सशक्तिकरण गर्ने प्रयास गरिएको छ। जिविकोपार्जनको क्षेत्रमा लाभान्वित वर्गका व्यक्तिहरुलाई विभिन्न सीपमुलक आयआर्जनका तालिमहरु, व्यापार व्यवसाय स्थापना सहयोग, अर्ध-व्यवसायिक तरकारी खेती लगायत अन्य कृषि कार्यहरु, पशुपालन जस्ता क्रियाकलापहरुको लागि अग्रसर गराइएको छ । झापा तथा मोरङ्ग जिल्लाका सन्थाल-मुसहरहरुको सँस्थालाई पुनर्गठन तथा स्थापना गरि हाल सम्ममा ती सँस्थाहरुको पञ्चवर्षीय रणनीतिक योजना तयार पारिएको छ, साथै उनीहरुका आफ्ना हक अधिकार प्राप्तिका लागि विभिन्न जनचेतनामुलक अभियानहरु सञ्चालन गरिएका छन् । स्वच्छ खानेपानी तथा सरसफाईको क्षेत्रमा जनचेतना फैलाउन तथा लक्षित वर्गको सरसफाई क्षेत्रमा पहुँच अभिवृद्धिका लागि स्थानीय घरधुरीहरुलाई ट्युवेल निर्माण सहयोग, हात धुलाई गोष्ठीहरुको आयोजना, भित्तालेखन कार्यक्रम, लिफ्टलेट तथा पोष्टरहरुको वितरण, सन्थाल-मुसहर बालबालिका बाहुल्यता भएका विद्यालयहरुलाई चर्पी निर्माण सहयोग, स्थानीय भिवासीसीसँगको सहकार्यमा घरधुरीहरुलाई चर्पी निर्माण सहयोग, विभिन्न विद्यालय तथा समुदायलाई वायोसन वाटर फिल्टर सहयोग जस्ता कार्यक्रमहरु समुदायमा सञ्चालन गरिएका छन् । लक्षित वर्गको स्थानीय श्रोतहरुमा समान पहुँच अभिवृद्धि गर्नको लागि स्थानीय योजना तर्जुमामा समुदायका सदस्यहरुलाई सहभागी हुन र आफ्नो योजना पेश गर्न उत्प्रेरित गरिएको छ, उनीहरुलाइ स्थानीय योजना तर्जुमा विषयक अभिमुखीकरण कार्यक्रमहरुमा सहभागी गराउने, स्थानीय तवरमा सरकारी सेवा सुविधाहरुको बारेमा समुदायलाई अभिमुखीकरण गर्ने जस्ता कार्यक्रमहरु यस सँस्थाले गर्दै आइरहेको छ ।

अन्त्यमा, म हाम्रा गरिब तथा उत्पीडित समुदायको सर्वाङ्गीण विकास तथा उत्थानको लागि चालिएको यस अभियानमा साथ दिनुहुने स्थानीय गाविस लगायत अन्य सरोकार निकायहरु, जिल्ला स्तरीय सरोकार निकायहरु, दातृ सँस्था अष्ट्रेलियन लुथरन वर्ल्ड सर्भिस, इभान्जेलिकल लुथरन चर्च इन अमेरिका तथा प्रत्यक्ष सहयोगी सँस्था लुथरन विश्व फेडेरेसन प्रति हार्दिक कृतज्ञता प्रकट गर्न चाहन्छु ।

रेभ. जोसेफ सोरेन

# विषय सूची


१. कार्यक्षेत्र

२. अध्यक्षको भनाइ ३

३. सँस्थाको परिचय ५

४. सँस्थाद्वारा सञ्चालित परियोजनाहरू ६

४.१ सन्थाल तथा मुसहर सशक्तिकरण तथा क्षमता अभिवृद्धि परियोजना ६

४.१.१ परियोजनाको परिचय

४.१.२ परियोजनाका प्रमुख उपलब्धीहरू

४.२ दिगो जिविकोपार्जन तथा खाद्य सुरक्षा परियोजना १२

४.२.१ परियोजनाको परिचय

४.२.२ परियोजनाको प्रमुख उपलब्धीहरू

५. सफलताको कथाहरू १९

६. वित्तिय साराँश २६

६.१ सन्थाल तथा मुसहर सशक्तिकरण तथा क्षमता अभिवृद्धि परियोजनाको वित्तिय सारांश

६.२ दिगो जिजिकोपार्जन तथा खाद्य सुरक्षा परियोजनाको वित्तिय सारांश

७. तस्वीरमा परियोजनाका थप झलकहरू २८

# ३. सँस्थाको परिचयः

गैह्रसरकारी सँस्थाहरुप्रति आम जनसमुदायको धारणा सकरात्मक बनाउनुपर्ने चुनौति र राजनीतिक, आर्थिक, सामाजिक र साँस्कृतिक रुपले पछाडी पारिएका अधिकारवालाहरुको सवाललाई प्रबर्द्धन गर्दै सँस्थागत रुपमा अधिकारमुखी विकास यात्रामा लाग्ने एउटा कार्य थलोको आवश्यकता रहेको महशुस गरि नेपाल इभान्जेजिकल लुथरन चर्च समुदायका अगुवाहरुको सक्रियतामा सन् २०१० मा लुथरन सामुदायिक कल्याण समाजको स्थापना भएको हो । लुथरन सामुदायिक कल्याण समाज एक मुनाफा रहित, गैह्रसरकारी जनहितकारी सामाजिक सँस्था हो । समुदायका पिछडिएका वर्गहरुको अधिकार प्राप्ति, जिविकोपार्जनमा सुधार तथा विभिन्न सरकारी सेवासुविधाको अवसरहरुमा पहुँच अभिवृद्धिका लागि कानुनी रुपमा सन् फेब्रुअरी-१०, २०१० जिल्ला प्रशासन कार्यलय, विराटनगरमा दर्ता भएको थियो, यसैगरि सन् मार्च-४, २०१० मा समाज कल्याण परिषदमा दर्ता भएको थियो ।

लुथरन विश्व फेडेरेसन, नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा मोरङ्ग जिल्लाका साविक गाविसहरु होक्लाबारी, बबियाविर्ता र शिश्वनीजहदा गाविसमा सन् २०११ देखि सन्थाल तथा मुसहर समुदाय लगायत समुदायका पिछडिएका वर्गहरुको बिचमा विपद जोखिम न्यूनीकरण, दिगो जिविकोपार्जन र असल सुशासन तथा सामाजिक जवाफदेहिता सम्बन्धमा काम गर्दै आइरहेको छ । यसैगरि सन् २०१५ देखि मोरङ्ग जिल्लाका साविक गाविसहरु दर्वेशा, रँगेली, सोराभाग, र कदमाहा साथै झापा जिल्लाका साविक गाविसहरु लखनपुर, तोपगाछी र धरमपुरमा सन्थाल-मुसहर समुदाय लगायत समुदायका पिछडिएका वर्गहरुको बिचमा सँस्थागत विकास, दिगो जिविकोपार्जन र स्वास्थ्य तथा सरसफाई सम्बन्धमा काम गर्दै आइरहेको छ ।

**सँस्थाको दूरदृष्टिः**

अति पछि पारिएका दलित, आदिवासी जनजाति, अल्पसंख्यक र सिमान्तकृत तथा पिछडिएका समुदायलाई विकासको मूल धारमा ल्याई राष्ट्रको सक्षम नागरिकको रुपमा स्थापित गर्नु ।

**सँस्थाको ध्येयः**

परमेश्वरको प्रेमले उत्प्रेरित भई समाजमा शान्ति, सदभाव, धार्मिक मेलमिलापको वातावरण सिर्जना गर्ने; लक्षित समुदायको क्षमता अभिवृद्धि गरि राष्ट्रको मूलधारमा ल्याउने र विकास प्रक्रिया तथा जीवनशैली सुधारमा सहयोग गर्ने ।

**सँस्थाको लक्ष्य (गोल):**

सामाजिक तथा आर्थिक सशक्तिकरणद्वारा अति पछि पारिएका समुदायहरुको उत्थान गर्ने ।

**सँस्थाको मूल्य मान्यताहरुः**

- हामी मानवताको पक्षमा उभिन्छौं,
- हामी न्यायलाई बढावा दिन्छौं,
- हामी पारदर्शितामा विश्वास विश्वास गर्छौं,
- हामी जवाफदेहि छौं,
- हामी इश्वरको कृपामा विश्वास राख्छौं ।

**सँस्थामा कार्यरत कर्मचारी विवरणः**

जम्मा कर्मचारी सँख्याः १६, महिलाः ७, पुरुषः ९

# ४. सँस्थाद्वारा सञ्चालित परियोजनाहरू:

## ४.१ सन्थाल तथा मुसहर सशक्तिकरण तथा क्षमता अभिवृद्धि परियोजना

### ४.१.१ परियोजनाको परिचय:

लुथरन विश्व फेडेरेसन, नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा लुथरन सामुदायिक कल्याण समाजले मोरङ्ग जिल्लाका साविक गाविसहरु होक्लाबारी, बबियाविर्ता र शिश्वनीजहदा गाविसमा सन् २०१४ देखि 'सन्थाल तथा मुसहर सशक्तिकरण तथा क्षमता अभिवृद्धि परियोजना' सञ्चालन गरिरहेको छ । उक्त कार्यक्षेत्रहरु हालको नयाँ नक्साङ्कन तथा संरचनाको आधारमा कानेपोखरी गाउँपालिकाको वार्ड नं. १, रँगेली नगरपालिकाको वार्ड नं. १ र २ तथा जहदा गाउँपालिकाको वार्ड नं. ४ र ५ मा पर्दछ । यस परियोजनाका प्रमुख उदेश्य तथा क्षेत्रहरु यसप्रकार रहेका छन्:

- विपद जोजिम न्यूनीकरण, आकस्मिक तयारी तथा प्रतिकार्य,
- दिगो जिविकोपार्जन र,
- सुशासन र न्यायका निम्ति समुदायको अगुवाइमा सञ्चालित कार्य ।

परियोजना सञ्चालनका दौरानमा हालसम्म समुदायमा लक्षित वर्गहरुको ३२ समुहहरुको गठन गरिएका छन्, जुन समुहमा जम्मा ५४६ (महिला-५०७ र पूरुष-३९) जना सदस्यहरु प्रत्यक्ष रुपमा आबद्ध रहेका छन् । उनीहरुको परिवार सँख्या जम्मा २७८९ (पुरुष १४५३ तथा महिला १३३६) रहेका छन् । उनीहरु मासिक बचत तथा वैठकमा सहभागी भई समुदायका समस्या तथा विभिन्न सवालहरुमा छलफल गरि निर्णयहरु बनाउने गर्दछन् । परियोजनाबाट प्राप्त हुने सहयोगहरुको विश्लेषण तथा लाभान्वित सदस्यको छनौटमा समुह सदस्यहरुको महत्वपूर्ण निर्णय तथा भूमिकाहरु रहँदै आएको छ ।

### ४.१.२ परियोजनाका प्रमुख उपलब्धीहरू:

**विपद जोजिम न्यूनीकरण, आकस्मिक तयारी तथा प्रतिकार्य:**

**अपेक्षित नतिजा (२०१४-२०१६)**

**नतिजा १.१: विपद जोखिम न्यूनीकरण र आकस्मिक तयारी तथा प्रतिकार्यका लागि लक्षित समुदायको क्षमता विकास,**

**नतिजा १.२: विपद जोखिम न्यूनीकरण र आकस्मिक तयारी तथा प्रतिकार्यका लागि स्थानीय निकायसँग समन्वय र सहकार्य ।**

विपद जोखिम न्यूनीकरण र आकस्मिक तयारी तथा प्रतिकार्यका लागि समुदाय स्तरमा विभिन्न तरिकाहरु अपनाइएको छ । समुदायमा समुह गठन पश्चात 'पीसीभीए'को माध्यमबाट १६ वटा विपद व्यवस्थापन समितिहरुको निर्माण गरिएको थियो र उनीहरुको विपद व्यवस्थापन योजनाको निर्माण गरिएको थियो । प्रत्येक वि.व्य.स.हरुमा पूर्वसुचना तथा चेतावनी कार्यदल, उद्धार कार्यदल, राहत कार्यदल, प्राथमिक उपचार कार्यदल र क्षति विश्लेषण कार्यदल गरि जम्मा ५-५ वटा कार्यदलहरुको गठन गरिएको छ । हालको अवस्थामा १६ वटा वि.व्य.स. हरुमा १२८ पूरुष र २९४ महिला गरि जम्मा ४२२ जना समुदायका सदस्यहरु आबद्ध रहेका छन् । स्थानीय नेपाल रेडक्रस सोसाईटीसँगको सहकार्यमा हालसम्म १२ वटा वि.व्य.स.लाई '३ दिने विपद व्यवस्थापन तथा प्राथमिक उपचार तालिम' प्रदान गरिएको छ । विपदको समयमा उद्धार कार्यमा सहजताको लागि १० वटा वि.व्य.स.हरुलाई विभिन्न औजारहरुको सहयोग गरिएको छ, जस्तैः डोरी, हथौँडा,

झम्पल, खुकुरी, बाल्टिन, हेल्मेट, हर्न आदि वि.व्य.स.हरुलाई उपलब्ध गराइएको छ । त्यसैगरि ६ वटा वि.व्य.स.हरुमा 'प्राथमिक उपचार बाकस' वितरण गरिएको छ ।



*स्थानीय रेडक्रसका सहजकर्तासँग '५ दिने प्राथमिक उपचार तालिम'मा विपद व्यवस्थापनका समितिका सहभागीहरू ।*

स्थानीय विपद जोखिम न्यूनीकरणका सरोकारवालाहरु गाविस, जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन कार्यलय, जिल्ला विपद जोखिम न्यूनीकरण समिति (DDRC) सँगको सहकार्यमा ९ वटा वि.व्य.स.को विपद व्यवस्थापन योजनालाई सहयोग गरिएको छ । उक्त सहयोगमा बाटोको ग्राभेल गर्ने, नदीकटान क्षेत्रमा तटबन्धनको निर्माण, खाल्डो परेको रोडमा माटो भर्ने, भू-क्षयलाई रोक्न वृक्षारोपन गर्ने जस्ता कार्यहरु पर्दछन्, जसबाट ३१२ घरधुरीहरु प्रत्यक्ष लाभान्वित भएका छन् । भै-परि आउने विपदको समयमा उद्धार कार्यमा सहजताको लागि साथै समुदायका सदस्यहरुको आकस्मिक उपचार कार्यका लागि ८ वटा वि.व्य.स.लाई रु. १०,०००।-को दरले आपत्कालिन कोष सहयोग गरिएको छ ।

समुदायमा खेती किसानी तथा ज्याला मजदुरी गरेर जिविकोपार्जन गर्ने परिवारहरुको बाहुल्यता अधिक छ । वर्षमा प्राय: भदौ-असोजको महिनामा ज्याला मजदुरीको अवसर कम साथै धानबालीको कटनी पूर्णतया: भईनसक्न हुँदा समुदायमा खाद्यान्न संकट हुने गर्दछ र भोकमरीको जोखिम हुने हुँदछ । त्यस्तो जोखिम हुनसक्ने कार्यक्षेत्रका वि.व्य.स.हरुमा ४ वटा 'अन्न भण्डार'हरुको निर्माण गरि हालको अवस्थामा ३९३९ केजी धान भण्डारण गरिएको छ । जसबाट खाद्यान्नको अभावको बेलामा समुदायका व्यक्तिहरुले अन्नभण्डारबाट खाद्यान्न प्राप्त गर्नसक्नेछन् । उक्त अन्न भण्डारको प्रभावकारी संचालन तथा दिगोपनाको लागि अन्नभण्डार संचालन निर्देशिका तथा नीतिनियमहरुको विकास गरि समुदायमा परिचालन गरिएको छ। समुदायका गृहिणीहरुलाई धुवाँजन्य रोगहरुको न्यूनीकरण तथा आगलागीको जोखिम न्यूनीकरणका लागि १७० घरधुरीहरुलाई आधुनिक चुल्हो निर्माण सहयोग गरि निर्माण कार्य सम्पन्न गरिएको छ। यसैगरि ८६ घरधुरीहरुलाई भाँडा सुकाउने मचान निर्माणको लागि सहयोग गरिएको छ ।

मोरङ्ग जिल्लाका साविक गाविसहरु होक्लाबारी, बवियाविर्ता तथा शिश्वनीजहदामा प्रत्येक गाविसमा एक-एक वटा गरि जम्मा ३ वटा गाविस स्तरीय विपद व्यवस्थापन समितिको निर्माण गरि रु. १०,०००।-का दरले आपत्कालिन कोष सहयोग गरिएको छ । स्थानीय गाविससँगको समन्वयमा ३ वटै गाविसमा 'स्थानीय विपद व्यवस्थापन तथा प्रतिकार्य योजना' (LDRMP) निर्माणका लागि कार्यशाला गोष्ठी आयोजना गरिएको थियो । तत्पश्चात होक्लाबारीमा स्थानीय विपद व्यवस्थापन तथा प्रतिकार्य योजनाको निर्माण भइसकेको छ भने शिश्वनीजहदामा अन्तिम चरणमा रहेको छ ।

कायक्षेत्रका ५ वटा विद्यालयहरु (श्री उच्च मावि-होक्लाबारी, श्री त्रिभुवन उच्च मावि-बबियाविर्ता, श्री सार्वजनिक उच्च मावि-शिश्वनीजहदा, श्री प्रगतिशिल उच्च मावि-बबियाविर्ता र श्री जनप्रिय उच्च मावि-बबियाविर्ता) लाई PRA Tools को प्रयोग गरि विद्यालय स्तरमा विपद व्यवस्थापन समितिको गठन गरि विपद न्यूनीकरण व्यवस्थापन योजनाको निर्माण गरिएको छ । उक्त विपद व्यवस्थापन योजना अन्तर्गतमा रहि ३ वटा विद्यालयहरुलाई गर्मीमा पठन-पाठनमा सुविधा होस् भनेर ५-५ वटा सिलिङ्ग पंखा तथा कार्पेट सहयोग गरिएको छ ।

'विपद जोजिम न्युनीकरण, आकस्मिक तयारी तथा प्रतिकार्य' अन्तर्गत परियोजनाद्वारा गरिएको क्रियाकलापहरुको सारांश:

| तालिका १ | | | |
|---|---|---|---|
| सि.नं. | क्रियाकलाप | इकाई | सँख्या |
| १. | विपद व्यवस्थापन समिति तथा विपद व्यवस्थापन योजना निर्माण | वि.व्य.स | १६ |
| २. | ३ दिने विपद व्यवस्थापन तथा प्राथमिक उपचार तालिम | वि.व्य.स | १२ |
| ३. | वि.व्य.स.लाई विपद व्यवस्थापन सामग्री सहयोग | वि.व्य.स | १० |
| ४. | वि.व्य.स.लाई प्राथमिक उपचार बाकस सामग्री वितरण | वि.व्य.स | ६ |
| ५. | स्थानीय तथा जिल्ला स्तरीय सरोकार निकायसँगको समन्वयमा विपद व्यवस्थापन योजनालाई सहयोग | वि.व्य.स | ९ |
| ६. | वि.व्य.स.लाई आपत्कालिक कोष सहयोग | वि.व्य.स | ८ |
| ७. | समुदायमा अन्न भण्डारको निर्माण | वि.व्य.स | ४ |
| ८. | गाविस स्तरीय विपद व्यवस्थापन समितिको गठन | वि.व्य.स | ३ |
| ९. | गावस स्तरीय वि.व्य.स.लाई आपत्कालिन कोष सहयोग | वि.व्य.स | ३ |
| १०. | आधुनिक सुधारिएको चुल्हो निर्माण | घरधुरी | १७० |
| ११ं | भाँडा सुकाउने मचान निर्माण | घरधुरी | ८६ |
| १२. | विद्यालय स्तरमा विपद व्यवस्थापन समिति तथा विपद व्यवस्थापन योजना निर्माण | विद्यालय | ५ |
| १३. | विद्यालय स्तरीय वि.व्य.स.को विपद व्यवस्थापन योजनलाई सहयोग | विद्यालय | ३ |
| १४. | गाविस स्तरीय स्थानीय विपद व्यवस्थापन तथा प्रतिकार्य योजना निर्माण | गाविस | २ |

## दिगो जिविकोपार्जन:

**अपेक्षित नतिजा (२०१४-२०१६)**

**नतिजा २.१: गरिब तथा सिमान्तकृत परिवारको खाद्य सुरक्षामा सुधार,**
**नतिजा २.२: सिमान्तकृत परिवारको आय आर्जनमा वृद्धि,**
**नतिजा २.३: सिमान्तकृत परिवारको दिगो जिविकोपार्जनका लागि सहकारीको क्षमता विकास।**

समुदायका लक्षित वर्गको मर्यादित जीवनको लागि साथै आर्थिक वृद्धिबाट उनीहरुको गुणस्तरीय जीवनयापनका लागि परियोजना मार्फत दिगो जिविकोपार्जनका विभिन्न माध्यमहरुलाई परियोजनाले प्रयोग गर्दै आइरहेको छ। समुदायका परिवारका सदस्यहरुको क्षमता विकास, सिप विकास गरि अर्थोपार्जनका क्रियाकलापहरुमा सहभागी गराई उनीहरुलाई आत्मनिर्भर बनाउने उदेश्य यस परियोजनाले राखेको छ। आर्थिक उन्नतिबाट मात्र समुदायको सामाजिक, शैक्षिक, स्वास्थ्य तथा पोषणको सुनिश्चितता हुन सक्दछ भन्ने कुरा परियोजनाको विशेष मान्यता रहेको छ।

मोरङ्ग जिल्लाको साविक गाविसहरु होक्लाबारी, बबियाविर्ता र शिश्वनीजहदामा ३ वटा वातावरणीय व्यवस्थापन योजना बनाइएको छ, जसबाट समुदायमा गरिएको व्यवसाय तथा जिविकोपार्जनका क्रियाकलापहरुले वातवरणमा पार्नसक्ने प्रतिकुल असर र त्यसपछि समुदाय हुने आउने जोखिमको बारेमा ३८ घरधुरीहरु सचेत हुन सकेका छन्।

लक्षित वर्गका २३७ घरधुरीका परिवारहरु करेसाबारी तरकारी खेती गर्दै आएका छन्, जसबाट उनीहरुका परिवारलाई चाहिने ताजा तथा स्वस्थ्यकर तरकारी आपुर्ति भइराखेको छ। साथै केही घरधुरीहरुले बचेको तरकारी नजिकैको बजारमा बिक्री गरि मुनाफा पनि कमाउन सफल भएका छन्। १०४ लक्षित

घरधुरीहरु लगभग १२ विघा क्षेत्रफलमा अर्धव्यवसायिक तरकारी खेती गरिरहेका छन् । उनीहरुलाई परियोजनाको तर्फबाट सुरुमा बीऊबिजन र मलखाद सहयोग गरिएको थियो साथै व्यवसायिक तरकारी खेती तालिममा सहभागी गराईएको थियो । हाल उनीहरुले प्रत्येक सिजनमा प्रति व्यक्ति रु. २०,०००।- देखि रु. ३५,०००।- सम्म आम्दानी गरिरहेका छन् । समुदायका ३६ घरधुरीहरुलाई जुट, पिँडालु, बेसार जस्ता नगदेबाली खेतीको लागि सहयोग गरिएको छ, त्यसै गरि ४१ घरधुरीहरुलाई उन्नत जातको धानको बिऊ प्रदान गरि अन्नबाली खेतीको लागि सहयोग गरिएको छ । कृषिजन्य आर्थिक क्रियाकलापमा सिँचाई सुविधाको लागि ८ वटा सिँचाई सहयोग समुदायलाई गरिएको थियो, जसबाट खडेरीको समयमा सिँचाईको सुविधा हुनुका साथै बेमौसमी तरकारी, बालीनालीको खेती गर्न कृषकहरुलाई अत्यन्तै सहज भएको छ ।

समुदायका ७४ समुह सदस्यहरुलाई पशुपालन सहयोग अन्तर्गन बँगुरपालनका लागि र १८ घरधुरीहरुलाई बाखापालनका लागि सहयोग गरिएको थियो । जसबाट उनीहरुले एकपटकको विक्रिबाट रु. १५,०००।- देखि रु. २५,०००।- सम्मको आम्दानी गर्न सकेका छन् । ११ जना अपाङ्गता भएका व्यक्ति तथा उनीहरुको परिवारलाई लक्षित गरि व्यापार व्यवसाय तथा पशुपालनको लागि परियोजनाको तर्फबाट सहयोग गरिएको थियो । बबियाविर्ताको एकता समुहका ७ जना सदस्यहरुलाई SRI प्रविधिबाट धानखेतीको लागि सहयोग गरिएको थियो । स्थानीय कृषि सेवा केन्द्र रँगेलीबाट सहजकर्ता बोलाई उनीहरुलाई अभिमुखीकरण गरिएको थियो । जसबाट ८ कठ्ठा जमिनमा विगतमा २० मन धान फल्ने ठाउँमा लगभग ३२ मन धान कटनी गरिएको थियो, जसबाट आउँदा दिनमा किसानहरु उक्त SRI प्रविधिबाट धान खेती गर्न उत्साहित भएका छन् ।

मोरङ्गमा ३ वटा सहकारीहरुको स्थापना गरिएको छ । जसमध्ये शिश्वनीजहदाको सागेनबाहा कृषि सहकारी बाहेक होक्लाबारीको अनुग्रह कृषि सहकारी तथा बबियाविर्ताको चर्चित महिला कृषि सहकारी पहिलेदेखि नै सञ्चालनमा थिए । ती सहकारीहरुको हालको कुल चालु पुँजी रु. १७,४६,४२२।- रहेको छ, र समुदायका समुह सदस्य र अन्य गरि जम्मा ४८५ सदस्यहरु आबद्ध भएका छन् । सबै सहकारीहरुलाई '३ दिने सहकारी व्यवस्थापन तालिम' प्रदान गर्नुका साथै कार्यलय व्यवस्थापनका लागि दराज, खातापाता सामग्री साथै फर्निचर सहयोग गरिएको थियो । होक्लाबारीको अनुग्रह कृषि सहकारीलाई बीउ पुँजी स्वरुप रु. ५०,०००।- उपलब्ध गराइएको थियो ।



*बिनटोल बबियाविर्ताका सुर्योदय समुहकी सदस्य स्थानीय बजारमा आफैँले उत्पादन गरेको तरकारी बेच्दै ।*

समुदायका मानिसहरुको रोजगारीको सुनिश्चिताका लागि छोटो अवधिका सीप विकास तालिम अन्तर्गत २७ जना सदस्यहरुलाई सहयोग गरिएको छ । उनीहरु मोबाईल मर्मत, सिलाई कटाई, ब्युटीसियन, इलेक्ट्रिसियन, मोटरसाईकल मर्मत जस्ता सीप विकास तालिममा सहभागी भए पश्चात स्वरोजगारको लागि सक्षम हुन सकेका छन् । यसैगरि व्यापार व्यवसाय सहयोग प्रबर्द्धन सहयोग अन्तर्गत ५४ जनालाई '५ दिने व्यवसायिक सीप तथा व्यावसायिक योजना निर्माण तालिम'मा सहभागी गराईको थियो । हालसम्ममा ४६ जना समुदायका समुह सदस्यहरु व्यापार व्यवसाय विस्तारका लागि सहयोग गरिएको छ, उनीहरु किराना पसल, माछा विक्री व्यवसाय, तरकारी विक्री व्यवसाय, सिलाई कटाई, नास्ता पसल, गाईपालन, कुखुरापालन र फ्रेस हाउस जस्ता व्यापार व्यवसायमा आबद्ध भई मासिक रु. ६०००।- देखि रु. १५,०००।- सम्म आम्दानी

गर्न सफल भएका छन् । समुदायका सदस्यहरुको आर्थिक वृद्धिसँगै उनीहरुको स्वास्थ्य, शिक्षामा लगानी गर्न सक्षम भएका छन् र उनीहरुको जीवनस्तर सुध्रिँदै गएको देख्न सकिन्छ ।

'दिगो जिविकोपार्जन' अन्तर्गत परियोजनाद्वारा गरिएको क्रियाकलापहरुको सारांश:

तालिका २

| सि.नं. | क्रियाकलाप | इकाई | सँख्या |
|---|---|---|---|
| १. | वातावरणीय व्यवस्थापन योजना | योजना, समुह | ३ |
| २. | करेसाबारी तरकारी खेती | घरधुरी | २३७ |
| ३. | अर्धव्यवसायिक तरकारी खेती | घरधुरी | १०४ |
| ४. | नगदेबाली खेती | घरधुरी | ३६ |
| ५. | अन्नबाली खेती | घरधुरी | ४१ |
| ६. | पशुपालन सहयोग (बँगुरपालन) | घरधुरी | ७४ |
| ७. | पशुपालन सहयोग (बाख्रापालन) | घरधुरी | १८ |
| ८. | छोटो अवधिका सीपविकास तालिम सहयोग | व्याक्ति | २७ |
| ९. | अपाङ्ग भएका व्यक्तिहरुलाई व्यापार-व्यवसाय सहयोग | व्यक्ति | ११ |
| १०. | व्यापार व्यवसाय प्रबर्द्धन सहयोग (SIYB) | व्यक्ति | ४६ |
| ११. | सहकारीहरुको निर्माण | सहकारी | ३ |
| १२. | सुधारिएको चुल्हो निर्माण सहयोग | घरधुरी | १७० |
| १३. | सिँचाई सहयोग | समुह | ८ |
| १४. | SRI विधिबाट धान खेती | घरधुरी | ७ |

## सुशासन र न्यायका निम्ति समुदायको अगुवाईमा सञ्चालिक कार्य:

### अपेक्षित नतिजा (२०१४-२०१६)

**नतिजा ३.१: स्थानीय निकायको निर्णायक भूमिकामा लक्षित समुदायको अर्थपूर्ण सहभागितामा वृद्धि,**
**नतिजा ३.२: लक्षित समुदायले समतामूलक अधिकार तथा अन्य सेवा सुविधा प्राप्त गर्नेछन्,**
**नतिजा २.३: सु–शासन तथा जवाफदेहिताको अभ्यास ।**

कार्यक्षेत्रका लक्षित वर्गका गरिब तथा निम्न स्तरका समुदायलाई स्रोत तथा सेवामा समान पहुँच बनाउन तथा अधिकारवालाले जिम्मेवारीका साथ अधिकार दाबी गर्नसक्ने क्षमता विकासमा मदत गर्न लुथरन विश्व फेडेरेसनको आर्थिक तथा प्राविधिक सहयोगमा लुथरन सामुदायिक कल्याण समाजले स्थानीय तथा जिल्ला स्तरमा जिम्मेवार निकायसँग समन्वय गरि उनीहरुको सेवा र भूमिकामा सुधार ल्याउन विभिन्न गोष्ठी आयोजना तथा पैरवी कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ ।

समुदायका मानिसहरुको जनचेतना वृद्धिका लागि, स्थानीय गाविस क्षेत्रमा सहभागितात्मक योजना तथा निर्णय प्रक्रियाका लागि र स्थानीय स्रोतहरुमा समान पहुँचका लागि ३ वटा गाविसहरुमा 'एक दिने सुशासन तथा सामाजिक उत्तरदायित्व' विषयक गोष्ठीहरुको आयोजना गरिएको थियो, र १४ तहको योजना तर्जुमा प्रक्रियाको बारेमा जनचेतना फैलाउन '१४ तह योजना तर्जुमा प्रक्रिया' विषयक ६ वटा अभिमुखीकरण गोष्ठीहरुको आयोजना गरिएको थियो । जसबाट समुदायका सदस्यहरु गाविस स्तरको योजना तर्जुमा प्रक्रियामा सहभागी हुने तथा समुदायमा निर्णय गरिएका योजनाहरु पेश गर्ने गरेका थिए ।




*बबियाविर्ता, मोरङ्गमा मुसहर बालबालिका शतप्रतिशत विद्यालय भर्ना अभियानमा निकालिएको र्‍यालीको एक झलक ।*

गाविस स्तरमा स्थानीय योजना तर्जुमा प्रक्रिया कसरी हुन्छ भन्ने विषयमा ९ वटा एक दिने अभिमुखीकरण कार्यक्रमहरु आयोजना गरिएको थियो, जसमा ३६२ (महिला-३१० र पूरुष ५२) जना समुह सदस्यहरु भेला भएका थिए, साथै निर्णय प्रक्रियामा लक्षित वर्गका मानिसहरुको समतामुलक तथा अर्थपूर्ण सहभागिताका लागि ३ वटा एक दिने गोष्ठीको आयोजना गरिएको थियो, जसमा ९० (महिला-८२, पुरुष-१४) जना समुह सदस्यहरु सहभागी भएका थिए । ती कार्यक्रमहरुको माध्यमबाट समदायका समुह सदस्यहरु तथा विपद व्यवस्थापन समितिका सदस्यहरुले समुह योजना तथा विपद व्यवस्थापन योजनाहरु गाविस स्तरको योजना तर्जुमा प्रक्रिया पेश गर्न थाले र विभिन्न स्थानीय निकायहरुबाट स्रोत प्राप्त गर्न थालेका छन्। शिश्वनीजहदाका मिलिजुली र कमलफूल समुहको क्षेत्रमा बाटो ग्राभेलिङ्गको लागि ‘संसद कोष’बाट १० लाख रकम विनियोजन गरिएको थियो । यसैगरि स्थानिय गाविस मार्फत बाटोको खाल्टा-खुल्टी पुर्नका लागि मर्साल समुहले रु. १ लाख ५० हजार प्राप्त गरेको थियो । होक्लाबारीका कियोबाहा र सिकियम बाहा समुहले बाटो ग्राभेलिङ्गका लागि रु. ३ लाख गाविस मार्फत प्राप्त गरेका थिए । महिमा समुह होक्लाबारीका सदस्यहरु बसोबास गरेका टोलमा गाविसबाट कल्भर्ट निर्माणका लागि गाविसबाट सहयोग प्राप्त गरेका थिए, साथै विजुलीको ७ वटा खम्बा प्राप्त गरेका थिए। बबियाविर्ताका सगरमाथा समुह तथा झर्नाटोल समुहका विपद व्यवस्थापन समितिले विपद व्यवस्थापन योजना अन्तर्गत जल उत्पन्न प्रकोप नियन्त्रण कार्यलय, विराटनगरबाट तटबन्धन निर्माणका लागि ५ लाख २५ हजार सहयोग प्राप्त गर्न सकेका थिए । शिश्वनीजहदा तथा बबियाविर्ताका ४० घरधुरीका सदस्यहरुले स्थानीय गाविसबाट स्थानीय योजना तर्जुमाका आधारमा चर्पी निर्माणका लागि ट्वाईलेट रिङ्ग ल्याउन सफल भएका थिए ।

३ वटै गाविसका स्थानीय वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्र तथा गाविसका प्रतिनिधिहरुसँग अन्तरक्रियात्मक वैठक ६१ जना सहभागीहरुको साथमा सम्पन्न भएको थियो, जसमा समुदायका विभिन्न सवाल तथा सहभागितात्मक योजना तर्जुमा विषयक कुराहरुको छलफल भएको थियो । बबियावर्ताका तत्कालिन ३६३ मुसहर परिवारका बालबालिकाहरुका लागि विद्यालय भर्ना अभियान मुसहर सँस्थाका प्रतिनिधिहरुको नेतृत्वमा आयोजना गरिएको थियो । उक्त अभियान पश्चात बबियाविर्ताका मुसहर बालबालिकाहरुको शत प्रतिशत विद्यालयमा भर्ना रहेको पाइएको छ ।

७ वटा रुपान्तरणीय शिक्षा केन्द्रहरुमा १८५ महिलाहरु आबद्ध भई अक्षर ज्ञानको साथसाथै समदायका विभिन्न सवालहरुमा छलफल गर्ने तथा स्थानीय मानवअधिकार रक्षकहरुसँगको सहकार्यमा ती सवालहरुको समाधान गर्न सँधै तत्पर रहेका छन् । रु.शि.केन्द्रका सहभागीहरु आफ्नो नाम, ठेगाना लेख्न, अक्षरहरु पढ्न, अंक चिन्न साथै साधारण गणितिय हिसाब गर्न र समुहमा आफ्नो विचार निर्धक्क रुपमा राखेर सामुहिक निर्णयहरुमा महत्वपूर्ण भूमिका खेल्न सक्षम भएका छन् । रु.शि.केन्द्र सँचालित क्षेत्रका गाउँघरको नियमित वातावरण सरसफाई, महिला तथा पूरुषका लागि समान ज्याला, सुधारिएको चुलोको निर्माण, ३५ दिनभित्र विभिन्न घट्ना दर्ता गराउने जनचेतना विकास जस्ता परिवर्तनहरु रुपान्तरणीय शिक्षा केन्द्र तथा मानव अधिकार रक्षक परिचालनका प्रमुख उपलब्धीहरु हुन् ।

७ जना मानव अधिकार रक्षकहरुलाई '३ दिने मानवअधिकार रक्षक तालिम' मा सहभागी गराईएको थियो, साथै मुसहर सँस्था, मोरङ्गका २७ प्रतिनिधिहरुलाई पनि '३ दिने मानव अधिकार' तालिममा सहभागी गराईएको थियो । त्यसै गरि अपाङ्गता भएका व्यक्तिहरुको मानव अधिकार सवाल विषयक पनि ४ वटा 'अपाङ्गता भएकाहरुका लागि मानव अधिकार' तालिम आयोजना भएका छन् । जसमा ३ वटा गाविसका ३४ जना अपाङ्गता भएका व्यक्तिहरु प्रत्यक्ष सहभागी भएका थिए । बबियाविर्ताकी एक अपाङ्ग गुनी मरण्डी स्थानीय स्तरको अपाङ्ग सँस्थामा कोषाध्यक्षको रुपमा काम गरिरहेकी छिन् ।

स्थानीय गाउँ तथा समाजमा सहजकर्ताहरुका विकासका लागि ४ जना समुदायका सदस्यहरुलाई विभिन्न क्षेत्रहरुमा सहयोग गरिएको छ, बबियाविर्ताका एकता समुहका प्रमोद किस्कु, महेश सोरेन र सुशिल सोरेनलाई पारामेडिकलको लागि सहयोग गरिएको छ, र शिश्वनीजहदाकी करिश्मा हाँस्दालाई स्टाफ नर्सिङ्ग पढाईको लागि सहयोग गरिएको छ ।

'सुशासन तथा न्यायका लागि समुदायद्वारा सञ्चालित कार्य' अन्तर्गत परियोजनाद्वारा गरिएको क्रियाकलापहरुको सारांश:

तालिका ३

| सि.नं. | क्रियाकलाप | इकाई | सँख्या |
|---|---|---|---|
| १. | स्थानीय योजना तर्जुमा तथा विकास | अभिमुखीकरण | ९ |
| २. | स्थानीय निकाय तथा सँस्थाहरुमा समान निर्णय प्रक्रियाका लागि अन्तरक्रियात्मक बैठक | बैठक | ३ |
| ३. | वडा नागरिक मञ्च तथा नागरिक सचेतना केन्द्र र गाविससँग अन्तरक्रियात्मक बैठक | बैठक | ३ |
| ४. | मुसहर बालबालिकाहरुको विद्यालय भर्ना अभियान | अभियान | १ |
| ५. | ३ दिने मानव अधिकार रक्षक तालिम | तालिम | २ |
| ६. | अपाङ्गता भएकाहरुको लागि मानव अधिकार रक्षक तालिम | तालिम | ४ |
| ७. | १४ तहको स्थानिय विकास तथा योजना तर्जुमाका लागि अभिमुखीकरण | अभिमुखीकरण | ६ |
| ८. | सुशासन तथा सामाजिक उत्तरदायित्वका लागि १ दिने गोष्ठी आयोजना | गोष्ठी | ३ |
| ९. | स्थानीय सहजकर्ताहरुको विकास | व्यक्ति | ४ |
| १०. | रुपान्तरणीय शिक्षा केन्द्रहरुको सञ्चालन | केन्द्र | ७ |
| ११ | मानव अधिकार रक्षकहरुको परिचालन | व्यक्ति | ७ |

## ४.२ दिगो जिविकोपार्जन तथा खाद्य सुरक्षा परियोजना

### ४.२.१ परियोजनाको परिचय:

लुथरन विश्व फेडेरेसन, नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा लुथरन सामुदायिक कल्याण समाजले मोरङ्ग जिल्लाका साविक गाविसहरु दर्वेशा, रँगेली, सोराभाग र कदमाहामा तथा झापा जिल्लाका साविक गाविसहरु लखनपुर, तोपगाछी र धरमपुरमा सन् २०१५ देखि 'दिगो जिविकोपार्जन तथा खाद्य सुरक्षा परियोजना' सञ्चालन गरिरहेको छ । उक्त कार्यक्षेत्रहरु हालको नयाँ नक्साङ्कन तथा संरचनाको आधारमा मोरङ्गमा रँगेली नगरपालिकाको वार्ड नं. ३, ४, ६, ७, ८ र ९, सुनवर्षी नगरपालिकाको वार्ड नं. ५, धनपालथान गाउँपालिकाको वार्ड नं. ३, ४, ६ र ७, त्यसगरि झापामा कमल गाउँपालिकाको वार्ड नं. १, २,

५, ६ र ७ तथा शिवसताक्षी नगरपालिकाको वार्ड नं. २ र ३ मा पर्दछन् । यस परियोजनाका प्रमुख उदेश्य तथा क्षेत्रहरु यसप्रकार रहेका छन्:

- लक्षित वर्गको सँस्थागत विकास तथा क्षमता अभिवृद्धि,
- दिगो जिविकोपार्जन र,
- खानेपानी तथा सरसफाई ।

परियोजना कार्यसञ्चालन तथा लक्षित वर्गको मर्यादित जीवनका लागि तथा उनीहरुको सर्वाङ्गीण विकासमा टेवा पुऱ्याउन कार्यक्षेत्रका समुदाय स्तरमा ६३ वटा समुहहरुको गठन गरिएको छ, जसमा १०२६ समुह सदस्यहरु (घरधुरीहरु), महिला-९९९, पूरुष-२७) आबद्ध भएका छन् । उनीहरुको पारिवारिक सँख्या विवरण जम्मा ४६१६ (महिला-२३२७, पुरुष-२२८३) रहेका छन् । उनीहरु मासिक बचत तथा वैठकमा सहभागी भई समुदायका समस्या तथा विभिन्न सवालहरुमा छलफल गरि निर्णयहरु बनाउने गर्दछन् । परियोजनाबाट प्राप्त हुने सहयोगहरुको विश्लेषण तथा लाभान्वित सदस्यको छनौटमा समुह सदस्यहरुको महत्वपूर्ण निर्णय तथा भूमिकाहरु रहँदै आएको छ ।

### ४.२.२ **परियोजनाका प्रमुख उपलब्धीहरू:**

**लक्षित वर्गको सँस्थागत विकास तथा क्षमता अभिवृद्धिः**

**दीर्घकालिन परिणाम-१ः अधिकार सुनिश्चितताका लागि पैरवी गर्न सन्थाल तथा मुसहरहरूको नेतृत्व विकास सहित सँस्थागत क्षमता अभिवृद्धि भएको हुनेछ ।**

**अपेक्षित नतिजा (२०१५-२०१६)**

**नतिजा १.१ः सन्थाल तथा मुसहरहरूको सँस्थाको स्थापनाका साथै उनीहरूको (समूहहरू, सहकारीहरू, जिल्ला स्तरीय सँस्थाहरू) क्षमता विकास भएको हुनेछ ।**

**नतिजा १.२ः सन्थाल तथा मुसहरहरूको बिचमा स्थानीय सहजकर्ता, मानव अधिकार रक्षकहरू तथा अगुवा कार्यकर्ताहरूको विकास गरि उनीहरूको क्षमता अभिवृद्धि गर्दै परिचालन भएका हुनेछन् ।**

**नतिजा –१.३ः सन्थाल तथा मुसहर समुदायका लागि सहकारीहरूको स्थापना, विकास तथा सबलीकरण भएको हुनेछ ।**

सिमान्तकृत तथा पिछडिएका समुदायको अधिकार सुनिश्तताका लागि पैरवी गर्न झापा तथा मोरङ्ग जिल्लामा बारम्बारको सामुहिक वैठक तथा छलफल पश्चात जिल्ला स्तरीय ४ वटा सन्थाल-मुसहरहरुको सँस्था स्थापना गरिएको छ । नेपाल सन्थाल आदीवासी उत्थान संघ मोरङ्ग र नेपाल सन्थाल विकास संघ झापालाई 'पञ्चवर्षीय रणनीतिक योजना २०७३-२०७७' निर्माणका लागि '३ दिने रणनीतिक योजना निर्माण कार्यशाला गोष्ठी' आयोजना गरिएको थियो । अहिले जिल्ला स्तरीय सन्थाल सँस्थाहरुको आ-आफ्नै लगायत सामुहिक कार्ययोजनाको आधारमा पैरवी गरिरहेका छन् । त्यसै गरि मुसहर समुदायका जातिय सँस्था नेपाल ऋषिवंशी जनकल्याण संघ मोरङ्ग तथा नेपाल ऋषिवंशी विकास संघ झापालाई जिल्ला प्रशासन कार्यलयमा दर्ता गराई ती सँस्थाहरुको 'सँस्थागत पञ्चवर्षीय रणनीतिक योजना २०७४-२०७९' निर्माणका लागि ३ दिने कार्यशाला गोष्ठीको आयोजना गरि निर्माण गरिएको छ । सन्थाल-मुसहर सँस्थाहरुलाई कार्यलय प्रयोजन तथा सञ्चालनमा सहजताका लागि स्टेशनरी तथा फर्निचर सहयोग गरिएको छ ।

महिला सशक्तिकरण तथा समुदायस्तरका विभिन्न सामाजिक सवालहरुको पहिचान गरि तिनीहरुको समाधानका लागि वर्ष १०१५ मा ६ वटा र वर्ष २०१६ मा १२ वटा गरी जम्मा १८ वटा रुपान्तरणीय शिक्षा





*मुसहर समुदायको जिल्ला स्तरीय सँस्था 'नेपाल ऋषिवंशी जनकल्याण समाज, मोरङ्ग' को औपचारिक समुद्घाटन कार्यक्रम । उक्त उद्घाटन कार्यक्रम प्रमुख अतिथि, नेपाली काँग्रेस मोरङ्का सभापति तथा सभासद श्री डिगबहादुर लिम्बूज्यूबाट भएको थियो ।*

केन्द्रहरु सञ्चालन गरिएका थिए, जहाँ २७२ जना महिलाहरु सहभागी भई आधारभूत अंक-अक्षर ज्ञानको साथसाथै स्थानीय मानवअधिकार रक्षकहरुसँग समन्वय गरि विभिन्न सवालहरुको समाधानका लागि कटिबद्ध लागि परेका छन् । रु.शि केन्द्रका सहजकर्ताहरुलाई 'रु.शि. केन्द्र सञ्चालनका लागि सहजीकरण तालिम' वर्षेनी प्रदान गरिएको थियो । स्थानीय समुदायमा मानव अधिकार रक्षकको तालिम पश्चात २२ जना मानव अधिकार रक्षकहरु परिचालन गरिएका छन् । तोपगाछी गाविस झापाका मानव अधिकार रक्षकहरुले २ जना दिदी-बहिनीहरु बिचको अंशबण्डा सम्बन्धि भएको झै-झगडालाई समाधान गर्न महत्वपूर्ण भूमिका खेलेका छन्, १ जना महिलाको अन्तरजातीय विवाहलाई मान्यता प्रदान गर्न सहयोग गरेका छन्, साथै समुदायमा विजुलीको खम्बा ल्याउनको लागि समुदायलाई चन्दा उठाउने कामको लागि नेतृत्व लिएका थिए । सोराभाग मोरङ्गका मानव अधिकार रक्षकले पति बाट पिडित कुटाईको हिंसामा परेकी १ महिलाको समस्या समाधान गरेका छन्, दर्वेशाका मानव अधिकार रक्षकले १ जना यौन हिंसामा परेकी किशोरीलाई न्याय दिलाउन सफल भएका छन्, उनलाई पीडकको तर्फबाट सजाय स्वरुप १ कठ्ठा जमिन प्रदान गरिएको छ ।

सन्थाल मुसहर बालबालिकाहरुको विद्यालयमा भर्ना भएर पनि विद्यालयमा नियमित उपस्थित नहुने जोखिमलाई घटाउन तथा पढाईप्रतिको रुचीलाई प्रोत्साहन गर्नका निम्ति ७ वटा ट्युशन कक्षाहरु झापा मोरङ्गमा सञ्चालन गरिएका थिए, जसमा १४१ जना प्राथमिक तहका बालबालिका (केटा-७७, केटी-६४) सहभागी भएका थिए । माता-पिता प्रायः दैनिक ज्याला मजदुरीमा जाने हुँदा बालबच्चाको पढाईमा विशेष ध्यान दिन नसकेको अवस्थामा ट्युसन कक्षा बालबालिकाहरुको गुणस्तरीय पढाईमा वरदान सावित भएको छ । ट्युसन कक्षा सञ्चालनको प्रभावकारीताको कारणले सहभागी जम्मा १४१ विद्यार्थीहरु मध्ये ७ जना प्रथम, ५ जना द्वितीय र ७ जना तृतीय गरि जम्मा ५२ जना बालबालिकाहरु आफ्नो कक्षाको वार्षिक परीक्षामा पहिलो दशौं (टप-टेन) स्थानमा पर्न सफल भएका छन् ।

लक्षित वर्गका अधिकार प्राप्ति पैरवी तथा स्थानीय श्रोतसाधनमा पहुँच साथै समान हक अधिकारका लागि विभिन्न सवालहरु विषयक १८ वटा गोष्ठीहरुको आयोजना गरिएको थियो, जसमा ३८३ समुदायका मानिसहरु उक्त गोष्ठीहरुमा भेला भएका थिए । गोष्ठीहरु अन्तर्गत अन्तर्राष्ट्रिय शिक्षा दिवस, मानव अधिकार दिवस, लोकतन्त्र दिवस, घट्ना दर्ताको आवश्यकता तथा महत्व विषयक अभिमुखीकरण कार्यक्रम आदि थिए। त्यसै गरि सरकारी निकायबाट प्राप्त सेवा सुविधाहरुको बारेमा १ दिने अभिमुखीकरण तालिम ७ वटै गाविसहरुमा आयोजना गरिएको थियो, जसमा ४४९ समुदायका सदस्यहरु प्रत्यक्ष सहभागी भएका थिए । गोष्ठीमा सहभागी भएका समुदायका सदस्यहरुले सम्बन्धित विषयमा जनचेतना प्राप्त गर्नुका साथै स्थानीय गाविसमा घट्ना दर्ता गराउने, स्थानीय स्वास्थ्य केन्द्र, पशु सेवा केन्द्र, कृषि सेवा केन्द्रबाट वितरण हुने सुविधाहरुको जानकारी पाई आफ्नो हक अधिकार तथा सुविधाको माग राख्ने गरेका छन् । झापामा २ वटा कृषक समुह दर्ता भई नियमित रुपमा धान खेती, तरकारी खेती तथा सिँचाईका लागि स्थानीय कृषि सेवा केन्द्रबाट बीऊबिजन र मलखाद्य सहयोग प्राप्त गरेका छन् ।

झापा तथा मोरङ्गमा ४ वटा सहकारीहरुको स्थापना गरिएका छन्, ती सबैसाथ कृषि सहकारी सँस्था- धरमपुर, संरक्षण कृषि सहकारी सँस्था- लखनपुर, बाहा सहारा कृषि सहकारी सँस्था-दर्वेशा र योगदान कृषि सहकारी सँस्था- सोराभाग हुन् । सहकारीहरुको स्थापनाका लागि समुह सदस्यहरुको तथा समुदायबिचको

अन्तरक्रियात्मक वैठकहरु आयोजना गरिएका थिए साथै सहकारी दर्ता पश्चात प्रभावकारी रुपमा सहकारी सञ्चालनका लागि सबै सहकारीका जिम्मेवार कार्यकारी सदस्यहरुलाई 'सहकारी लेखा व्यवस्थापन तालिम' मा सहभागी गराईएको थियो । प्रत्येक सहकारीहरुलाई कार्यलय सञ्चालनका लागि स्टेशनरी सहयोग गर्नुका साथै बीऊँपुंजी स्वरुप रु. ५०,००० पनि प्रत्येक सहकारीहरुलाई उपलब्ध गराइएको छ । हाल सहकारीमा २२८ समुह सदस्यहरु आबद्ध रहेका छन् र सहकारीमा आबद्ध हुनेहरुको सँख्या बढ्दो छ, सहकारीहरुमा हालको बचत रकम रु. ६,९१,८१९ तथा परिचालित रकम रु. ४,२९,५८२ रहेको छ ।

'लक्षित वर्गको सँस्थागत विकास तथा क्षमता अभिवृद्धि' अन्तर्गत परियोजनाद्वारा गरिएको क्रियाकलापहरुको सारांश:

**तालिका ४**

| सि.नं. | क्रियाकलाप | इकाई | सँख्या |
|---|---|---|---|
| १. | सन्थाल तथा मुसहरहरुको जिल्ला स्तरीय जातिय सँस्थाहरुको पुनर्गठन तथा स्थापना | सँस्था | ४ |
| २. | सन्थाल तथा मुसहर सँस्थाहरुको पञ्चवर्षीय रणनीतिक योजना निर्माण | योजना | २ |
| ३. | रुपान्तरणीय शिक्षा केन्द्र सञ्चालन | रु.शि. केन्द्र | १८ |
| ४. | ट्युसन कक्षा सञ्चालन | केन्द्र | ७ |
| ५. | विभिन्न सवालमा आयोजना गरिएका गोष्ठीहरु | गोष्ठी | १८ |
| ६. | मानव अधिकार रक्षकहरुको विकास तथा परिचालन | व्यक्ति | २२ |
| ७. | सरकारी सेवा सुविधा विषयक १ दिने तालिम | तालिम | ७ |
| ८. | सहकारीहरुको स्थापना तथा सञ्चालन | सहकारी | ४ |

## दिगो जिविकोपार्जन:

**दीर्घकालिन परिणाम-२: अधिकारवालाहरूको गरिबी निवारणको लागि विभिन्न रोजगारीका अवसरहरूको सिर्जनाका साथै जिविकोपार्जनमा पहुँच अभिवृद्धिका लागि क्षमता विकास भएको हुनेछ ।**

### अपेक्षित नतिजा (२०१५-२०१६)

**नतिजा २.१: सन्थाल तथा मुसहर घरपरिवारहरूको विविध आयमुलक अवसरको कारणले थप ३ महिनाका लागि खाद्य सुरक्षा भएको हुनेछ ।**
**नतिजा २.२: सन्थाल तथा मुसहर घरधुरीहरूको विभिन्न उद्यमशीलता तथा सीपमुलक रोजगारीबाट कम्तिमा वार्षिक रू. ६०,००० सम्म थप आम्दानी भएको हुनेछ ।**

आर्थिक तवरले अत्यन्तै दयनीय अवस्थामा रहेका लक्षित वर्गहरुको गरिबी निवारण साथै रोजगारीमा समान अवसरका लागि योग्य हुन चाहिने सीप तथा दक्षता विकासका लागि जिविकोपार्जनका विभिन्न उपायहरुलाई परियोजनाका कार्यक्रमहरु मार्फत अवलम्बन गरिएको छ । गाँस, बाँस र कपासका लागि दैनिक ज्याला मजदुरीमा भर पर्ने समुदायको परम्परागत कृषिका कामहरुलाई र सोचलाई उद्यमशीलता तथा आधुनिक व्यवसायिकतामा परिवर्तन गर्नको लागि कृषि, पशुपालन लगायत रोजगारमुलक सीप विकासका लागि समुदायलाई अग्रसर गराइएको छ ।

लक्षित वर्गको पोषणयुक्त तथा ताजा तरकारीमा पहुँचका लागि तथा स्वस्थ तरकारी सेवन व्यवहारमा परिवर्तन गर्नका लागि १०९ घरपरिवाहरुलाई करेसाबारी तरकारी खेतीको लागि बिऊविजन सहयोग गरिएको छ । ७६ घरधुरीहरुले लगभग १४३ कठठा क्षेत्रफलमा अर्ध-व्यवसायिक तरकारी खेती गरिरहेका छन् । यसै अन्तर्गत झापा तथा मोरङ्गमा २ वटा समुहहरुलाई प्लाष्टिक टनेल फार्मिङ्गका लागि सहयोग गरिएको छ, र झापाका २ समुहहरुलाई च्याऊ खेतीको लागि तालिम प्रदान गरि सहयोग गरिएको छ । उनीहरुले मौसम



व्यवसायिक तरकारी खेतीमा काम गरिरहेका ज्योति सेवा केन्द्र, दर्वेशाका कृषकहरू ।



आफैंले उत्पादन गरेको तरकारी स्थानीय बजारमा बेच्दै ज्योति सेवा केन्द्र समुह, दर्वेशाका कृषक सदस्यहरू ।

अनुसारको तरकारीहरु निरन्तर फलाई रहेका छन् साथै प्रत्येक सिजनमा १ घरधुरी बराबर रु. १५,००० देखि रु. २५,००० सम्मको आम्दानी गरिरहेका छन् । व्यवसायिक तरकारी खेतीका लागि उनीहरुलाई आधारभुत तरकारी खेती तालिम प्रदान गरिनुका साथै नियमित रुपमा स्थानीय कृषि सेवा केन्द्रहरुबाट प्राविधिक सहयोग पनि उपलब्ध गराइँदै आइएको छ ।

दर्वेशा-मोरङ्गमा १३ जना समुह सदस्यहरु लगभग ४ विघा क्षेत्रफलमा बगरखेती गरिरहेका छन् । उनीहरुलाई बगरखेतीको लागि प्रविधिक तालिम प्रदान गर्नुका साथै सुरुवातमा आवश्यक बीऊ विजन, मलखाद्यको सहयोग गरिएको छ । यो वर्षको अन्तिम सम्मको विक्रीबाट उनीहरुले सामुहिक रु. ८०,००० बराबर यो साल आम्दानी गर्न सफल भएका छन् । सिँचाईमा सुविधाका लागि तथा हिउँदका दिनमा पनि कृषिजन्य खेती व्यवसायमा निरन्तरता होस् भन्नाका लागि झापा तथा मोरङ्गका ७ वटा समुहरुलाई सिँचाई सहयोग स्वरुप पानी तान्ने मेसिन, सेक्सन पाईप, डेलिभरी पाईत, हजारी तथा स्प्रे ट्याङ्क सहयोग गरिएको थियो । जसका कारणले तरकारी खेती मात्र नभएर धान खेती, गहुँ खेती जस्ता अन्नबाली उब्जाउ खेतीमा पनि कृषकहरु अग्रसर भएका छन् ।

झापा तथा मोरङ्ग जिल्लाका ३८ घरधुरीहरुलाई पशुपालनका लागि सहयोग गरिएको थियो, जसमा १५ घरधुरीले बाखापालन गरिरहेका छन् र २३ घरधुरीले बँगुरपालन गरिरहेका छन् । सुरुवातमा उनीहरुलाई आधारभुत पशुपालन तालिममा सहभागी गराइनुका साथै बाखा बँगुरको पाठापाठी र खोर निर्माणका लागि सहयोग गरिएको थियो ।

लक्षित वर्गका युवाहरुलाई रोजगारीका अवसरमा दक्ष बनाउनका लागि तथा स्वरोजगार तर्फ उन्मुख गराउन विभिन्न छोटो अवधि तथा लामो अवधिका रोजगारमुलक तालिमहरुका लागि सहयोग गरिएको छ । छोटो अवधिका रोजगारमुलक तालिमहरुमा मोबाइल रिपरिङ्ग, ब्युटीपार्लर, बाइक रिपेरिङ्ग, मुढा बनाउने तथा सिलाई-कटाई आदि पर्दछन् भने लामो अवधिका रोजगारमुलक तालिमहरुमा जेटिए भेटनरी, अनमी, सीएमए तथा ल्याब असिस्टेन्ट आदि पर्दछन् । छोटो अवधिका तालिमका लागि ३४ जनालाई सहयोग गरिएको छ भने लामो समय अवधिका तालिमका लागि १० जनालाई सहयोग गरिएको छ । हाल उनीहरु विभिन्न

रोजगारमुलक आयआर्जनका क्षेत्रहरुमा सक्रिय रहेका छन् र मासिक रु. १०,००० देखि रु. २५,००० सम्मको आम्दानी गरिरहेका छन् ।

व्यापार व्यवसाय स्थापना तथा सञ्चालनका लागि ८१ जना घरधुरीहरुलाई सहयोग गरिएको थियो, जसका लागि उनीहरुलाई व्यवसाय गर्नका लागि आधारभुत तालिम प्रदान गरि उनीहरुको व्यापार व्यवसाय योजना अनुसार सामग्रीहरु उपलब्ध गराइएको थियो । यस सहयोग अन्तर्गत किराना पसल, नास्ता पसल, सब्जी व्यापार, फ्रेस हाउस् सञ्चालन इत्यादी पर्दछन् । हाल उनीहरुले मासिक रु. ५००० देखि रु. १२,००० सम्मको आम्दानी गरिरहेका छन् ।

'दिगो जिविकोपार्जन' अन्तर्गत परियोजनाद्वारा गरिएको क्रियाकलापहरुको सारांश:

तालिका ५

| सि.नं. | क्रियाकलाप | इकाई | सँख्या |
|---|---|---|---|
| १. | करेसाबारी तरकारी खेती सहयोग | घरधुरी | १०९ |
| २. | अर्ध-व्यवसायिक तरकारी खेती सहयोग | घरधुरी | ७६ |
| ३. | बगर खेती सहयोग | घरधुरी | १३ |
| ४. | सिचाई सहयोग | स्कीम | ७ |
| ५. | पशुपालन सहयोग | घरधुरी | ३८ |
| ६. | छोटो अवधिका सीप विकास तालिम | व्यक्ति | ३४ |
| ७. | लामो अवधिका सीप विकास तालिम | व्यक्ति | १० |
| ८. | व्यापार व्यवसाय स्थापना तथा सञ्चालन सहयोग | व्यक्ति | ८१ |

## खानेपानी तथा सरसफाई:

**दीर्घकालिन परिणाम-३: सन्थाल तथा मुसहर घरधुरीहरूको आधारभूत स्वच्छ खानेपानी, सरसफाई तथा स्वास्थ्य (WASH) सुविधामा पहुँच अभिवृद्धि भएको हुनेछ ।**

### अपेक्षित नतिजा (२०१५-२०१६)

**नतिजा ३.१: सन्थाल तथा मुसहर घरधुरीहरूको स्वच्छ-सफा खानेपानीमा पहुँचका साथै शौचालयको प्रयोगमा अभिवृद्धि भएको हुनेछ ।**
**नतिजा ३.२: सन्थाल तथा मुसहर घरधुरीहरूले व्यक्तिगत सरसफाईको अभ्यास गरि सफा सुग्घर रहेका हुनेछन् ।**

सन्थाल तथा मुसहर घरधुरीहरुको आधारभूत स्वच्छ खानेपानी, सरसफाई तथा स्वस्थ्य सुविधामा पहुँच अभिवृद्धि गर्नका लागि उनीहरुलाई स्वस्थ्य तथा सरसफाई सम्बन्धि जनचेतनामुलक पैरवीमुखी कार्यक्रमहरुमा सहभागी गराइएको थियो, साथै स्थानीय 'भिवासीसी'सँगको समन्वय तथा सहकार्यमा चर्पी निर्माणको लागि उत्प्रेरित गराईको थियो । झापा तथा मोरङ्ग जिल्लाका लक्षित वर्गहरुको समुदायमा ४० वटा खानेपानी कल निर्माण गरिएको छ, जसको माध्यमबाट २२४ घरधुरीहरु प्रत्यक्ष रुपमा खानेपानी तथा सरसफाईमा पानी आपुर्तिमा सहज भएको छ ।

झापा जिल्लाका पाथीभरा प्रा.वि-धरमपुर, मोरङ्ग जिल्लाका पार्वती मा.वि-दर्वेशा, निचामारी नि.मा.वि-रँगेली, रामजानकी प्रा.वि-रँगेली, सर्वोदय मा.वि-कदमाहा र नुरानी मदरसा-कदमाहालाई खानेपानी तथा सरसफाई सुविधा सहितको बालमैत्री तथा अपाङ्गमैत्री चर्पी निर्माणको लागि सहयोग गरिएको छ, जसबाट १६५८ (केटा-७०४, केटी-९५४) जना विद्यार्थी तथा शिक्षकहरु प्रत्यक्ष रुपमा लाभान्वित भएका छन्। विद्यालय व्यवस्थापन समतिका अनुसार उक्त चर्पी निर्माण पश्चात विद्यालयको स्वच्छ वातावरणमा



*स्थानीय 'भिवासीसी'सँगको समन्वयमा समुदायलाई चर्पी निर्माणका लागि गरिएको सहयोगको केही झलकहरू; माथि तस्वीरमा देखाइएका महिलाहरू डाँफे समुह, लखनपुर-झापाका समुह सदस्यहरू हुन् ।*

सुधार आउनुका साथै बालिका विद्यार्थीहरुको विद्यालयको शैक्षिक कक्षाहरुमा उपस्थिति तथा सहभागितामा उल्लेख्य वृद्धि भएको कुरा बताएका छन् ।

समुदाय आफैंमा आधारित जनचेतनामुलक सरसफाई अभिमुखी कार्यक्रम तथा अन्तर्राष्ट्रिय विश्व हात धुलाई दिवसको अवसरमा आयोजित गोष्ठी गरेर जम्मा २७ वटा सरसफाई सम्बन्धी अभियानमुलक गोष्ठीहरु आयोजना गरिएका छन्, जसमा ११२२ घरधुरी सदस्यहरुको प्रत्यक्ष सहभागिता रहेको थियो । उक्त अभिमुखीकरण कार्यक्रमहरुमा स्थानीय स्वस्थ्य केन्द्रका इन्चार्जलाई बोलाई व्यक्तिगत सरसफाईको महत्व, पानीजन्य सरुवा रोगहरुको परिचय तथा रोकथाम, साबुन पानीले हात धुने तरिका लगायत स्थानीय स्वास्थ्य केन्द्रबाट नि:शुल्क प्राप्त गर्न सकिने सेवा-सुविधाहरुको बारेमा सहभागीहरुलाई अभिमुखीकरण गरिएको थियो। हाल उनीहरुको नियमित रुपमा साबुन पानीको प्रयोग गर्ने, गर्भावस्था तथा सुत्केरी अवस्थामा नियमित स्वास्थ्य केन्द्रमा जचाउँने र सम्पर्कमा रहने जस्ता सरसफाई सम्बन्धि व्यवहारमा परिवर्तन भइरहेको छ ।

स्थानीय 'भिवासीसी'सँगको सहकार्यमा झापा तथा मोरङ्ग जिल्लाका ६१ घरपरिवारहरुलाई चर्पी निर्माणको लागि सहयोग गरिएको छ। विशेषगरि मुसहर समुदायमा चर्पी प्रयोगको बारेमा जनचेतना अत्यन्तै कम रहेको अवस्थामा भिवासीसी र परियोजनाको माध्यमबाट उनीहरुलाई चर्पी निर्माण गर्न उत्प्रेरित गराईएको थियो। हाल उनीहरु चर्पीमा दिसा-पिसाब गर्ने तथा चर्पीबाट फर्केपछि, खेतको कामबाट फर्केपछि र खाना खानु अघि साबुन पानीले हात धुने जस्ता सरसफाईको अभ्यासहरु गरिरहेका छन् ।

प्राथमिक तथा उच्च मा.वि. तहसम्मका सन्थाल-मुसहर बालबालिकाको बाहुल्यता भएका विद्यालयहरुलाई लक्षित गरि विद्यार्थीहरुको स्वच्छ खानेपानीको सुनिश्चितता गर्न झापा तथा मोरङ्ग जिल्लाका २० वटा विद्यालयहरुलाई आवश्यकता अनुसार १ देखि २ वटा सम्म बायोसन वाटर फिल्टर प्रदान गरिएको छ । त्यसै गरि सरफाईमा पानीको आपुर्तिका लागि झापा तथा मोरङ्ग जिल्लाका ७ वटा विद्यालयहरुलाई खानेपानी कल निर्माणको लागि सहयोग गरिएको छ। जसबाट विद्यार्थीहरुलाई चर्पीको प्रयोग पछि, टिफिनका समय पछि कक्षामा छिर्नु अघि तथा खेलकुदमा सहभागी भएपश्चातको सरसफाईको लागि राहत मिलेको छ।

स्वस्थ्य तथा सरसफाईमा जनचेतना अभिवृद्धि गर्नकै निम्ति झापा तथा मोरङ्ग जिल्लाका कार्यक्षेत्रहरुका विभिन्न ठाउँहरु जस्तै: बाक्लो बस्तीका घरका भित्ता, हाट लाग्ने चौकहरु, मानिसहरु प्राय: भेला हुने चौतारीहरु, विद्यालय भवनका भित्ताहरु, गाविस भवनका भित्ताहरुमा स्वच्छ खानपानी तथा सरसफाईको आवश्यकता र महत्व झल्किने गरि ७५ वटा भित्तालेखन कार्यक्रमहरु गरिएको छ । साथै व्यक्तिगत सरसफाई, हात धुलाई तथा पोषणयुक्त भोजनपानमा जनचेतना अभिवृद्धि गर्न लगभग ३५०० प्रति

पोष्टर (लिफ्टलेट) छपाई समुदायका सदस्यहरुलाई वितरण गरिएको छ, जसबाट समुदायका मानिसहरु आफ्नो स्वस्थ्य तथा घरवरिपरीको वातावरण सफा राख्ने चेतनामा अभिवृद्धि छ भन्न सकिन्छ ।

'खानपानी तथा सरसफाई' अन्तर्गत परियोजनाद्वारा गरिएको क्रियाकलापहरुको सारांश:

तालिका ६

| सि.नं. | क्रियाकलाप | इकाई | सँख्या |
|---|---|---|---|
| १. | समुदायलाई खानेपानी कल निर्माण सहयोग | कल सेट | ४० |
| २. | विद्यालयहरुलाई खानेपानी तथा सरसफाई सुविधा सहितको बालबालिका तथा अपाङ्गमैत्री चर्पी निर्माण सहयोग | विद्यालय | ६ |
| ३. | विश्व हात धुलाई दिवस तथा सरसफाई सम्बन्धि समुदायस्तरमा आयोजना गरिएका गोष्ठीहरु | गोष्ठी | २७ |
| ४. | स्थानीय 'भिवासीसी'सँगको सहकार्यमा समुदायलाई चर्पी निर्माण सहयोग | घरधुरी | ६१ |
| ५. | प्राथमिक तथा उच्च मा.वि. तहसम्मका विद्यालयहरु विद्यार्थीहरुलाई स्वच्छ खानेपानीको पहुँचका लागि वायोसन वाटर फिल्टर सहयोग | विद्यालय | २० |
| ६. | भित्तालेखन कार्यक्रम | भित्तालेखन | ७५ |
| ७. | सरसफाई सम्बन्धि पोष्टर तथा लिफ्लेट छपाई | प्रति | ३५०० |
| ८. | विद्यालयहरुलाई खानेपानी कल निर्माण सहयोग | विद्यालय | ७ |

# ५. सफलताका कथाहरू:

## *५.१ गाडाटोलमा तटबन्ध निर्माणले गाउँमा ल्याएको खुशी*



यस कानेपोखरी गाउँपालिका वार्ड नं. १ होक्लाबारी मोरङ्ग, झर्नाघुटु (गाडाटोल)को उत्तर दक्षिणको बाटो आजभन्दा २ वर्ष अगाडि वर्षायामका भलपानीले यसबाटोमा भू-क्षय भई पूर्ण रुपमा क्षति गरेको र छेऊमै भएका बस्तीहरुलाई खतरा बनाएको थियो । गाउँलेहरुलाई आवतजावतमा पूरै कठिनाई भैरहेको थियो । यस बाटोमा मान्छे र साइकल समेत आवतजावत गर्न कठिनाई थियो । यस भूक्षयले करिब १५-२० घरलाई खतरा पार्नुको साथै २०० घरधुरी बस्तीलाई प्रत्यक्ष-अप्रत्यक्ष रुपमा असर पारेको थियो ।

यस भूक्षयका कारण बाटो पूर्ण रुपमा क्षति हुँदा यहाँका मानिसहरु विरामी पर्दा यस ठाउँको कारणले गाडी घर-घरमा पुऱ्याउन कठिन हुन्थ्यो । कतिपय मानिसले यस ठाउँसम्म बिरामी बोकेर ल्याउने र यस ठाउँलाई पार गरेपछि मात्र गाडीमा राखेर उपचारको लागि अन्यत्र लाने गरिन्थ्यो । २०७३ साल असोजमा गाडाटोलकी एकजना महिलालाई सुत्केरी व्यथा लागेर एम्बुलेन्स बोलाइयो, तर बाटो बिग्रिएकोले घरमै एम्बुलेन्स पुग्न सकेन । स्थानीयबासीले खेतको आलीको बाटो भएर बल्ल-बल्ल बिरामीलाई एम्बुलेन्ससम्म पुऱ्याएका थिए ।



यस्ता समस्याहरु धेरै भएपनि यस क्षेत्रमा अधिकांश सनथाल जातिको बाहुलिएता भएको र अन्य जाति पनि अति विपन्न वर्गका दैनिक ज्याला मजदुरी, कृषि पेशामा निर्भर भएका कारणले यस समस्याको समाधानको बारेमा केही सोचेका थिएनन् साथै स्थानीय निकायको पहुँच नभएको कारण यहाँ कुनै रोकथाम गर्न सकिएको थिएन । २०७३ मंसिरमा स्थानीयबासीले रकम संकलन गरि बनाउने मनसायले रकम पनि संकलन गर्नुभयो तर ३-४ हजार मात्र संकलन भएपछि त्यति रकमले त्यस ठाउँमा काम गर्न नसकेको कारण पुनः फिर्ता समेत गरिसकेको थियो । २०७३।२०७४ को बस्ती स्तरको योजना समेत हालिसकेको गाडाटोल विपद व्यवस्थापन समिति मलिबाहा समुह र जियडभर्ना समुहको सँयुक्त योजना बनाएर स्थानीय विपद व्यवस्थापन समितिलाई पनि पेश गरेको थियो । तर स्थानीय निकायबाट पूर्ण रुपमा कुनै सहयोग विनियोजना नभएपछि गाडाटोल विपद व्यवस्थापन समितिले लुथरन सामुदायिक कल्याण समाजलाई सहयोग गरिदिन योजना पेश गऱ्यो, सँस्थाले गत अप्रिल २०१७ मा रु. ५०००० सहयोग दिने भएपछि गाउँले धेरै खुशी हुँदै स्थानीयबाट पनि केही श्रमदान गर्ने भनि छलफल भयो । गाऊँ छलफलबाट प्रतिघर रु. २०० का दरले उठाउने, बाँसको झाँङ्ग हुनेले बाँस सहयोग गर्ने भनि निर्णय भयो ।

२०७३ चैत्र २१ गते प्रारम्भिक छलफल गरि आर्थिक संकलन समिति गठन गरियो, उक्त समितिले रु. १२००० नगद, बाँस, सुत्री र त्यस ठाउँमा केहीले बिना रोजगारी काम गरिदिने शर्त गरि रु. २३,१५० बराबरको सहयोग संकलन गऱ्यो । गाउँपालिकासँग समन्वय गरि जल उत्पनन प्रकोप कार्यलय ३०० पिस बोरा सहयोग संकलन गऱ्यो । यसरी लुथरन सामुदायिक कल्याण समाजको सहयोगमा गाडाटोल विपद व्यवस्थापन समिति र स्थानीयबासीको संयुक्त उपभोक्ता समितिले जम्मा ७३,१५० लागतमा ८६ फिट लम्बाई १३ फिट चौडाई र ८ फिट उचाईको तटबन्धन यहि २०७४।०२।१० गते समाप्त गरि २०७४।२।११ गते खर्च सार्वजनिक गरि उक्त कार्य सम्पन्न गरेको छ ।

उक्त तटबन्धन गरिसकेपछि स्थानीयबासी खतरामुक्त हुनुको साथै गाडी, मानिस, इत्यादीको आवत जावत हुन थालिसकेको छ । हाल यस ठाउँबाट दैनिक १०-१२ ट्याक्टरले गिटि बालुवा ओसारिरहेका छन् ।

## ५.२ जयरामपुरबासीका फेरिएको मुहार

मोरङ्ग जिल्लाको शिश्वनीजहदा गाविस वार्ड नं ९ मा सोहल जयरामपुर गाऊँ अवस्थित रहेको छ । गाऊँमा दलित तथा सन्थाल आदिवासी जनजाति समुदायको बसोबास रहेको छ । गाऊँमा ७२ घरधुरी रहेको छ । गाऊँमा अधिकाँश सुकुम्बासीहरुको बसोबास रहेको छ । समुदायको पेशा दैनिक ज्याला मजदुरी थियो, समुदायको अवस्था अत्यन्तै दयनीय थियो । यस गाउँमा कुनै समुह वा संगठन थिएन । एलडब्लुएफको आर्थिक तथा प्राविधिक सहयोगमा एलसीडब्लुएसको पलहमा सन्थाल तथा मुसहर सशक्तिकरण परियोजना अन्तर्गत यस गाउँमा २ वटा समुहको गठन भयो । ती समुहहरुको नामः मिलिजुली र कमलफूल समुह हुन् । मिलिजुली समुहमा ३२ घरधुरी आबद्ध छन् भने कमलफूल समुहमा जम्मा २० घरधुरी आवद्ध भएका थिए ।



समुह सदस्यहरु नियमित बचत गर्न थाले र विभिन्न सवालहरुमा पनि छलफल गर्न थाले । गाऊँमा पिसिभिए गरियो र पिसिभिए पश्चात कार्ययोजना बनाइयो । जसमार्फत सोहल विपद व्यवस्थापन समितिको गठन गरियो र समितिको कार्यदल पनि गठन गरियो । कार्यदललाई तालिमको व्यवस्था गरियो, आकस्मिक कोषको व्यवस्था गरियो । हाल मिलिजुली तथा कमलफूल समुहमा बचत रु. १,७५,०००।- रहेको छ । एलसीडब्लुएसको रु. २०,०००।- को सहयोगमा समुदायले गाविसबाट १ वटा पोखरी ठेक्का लिएका थियो भने अहिले समुदायले २ वटा पोखरी गाविसबाट ठेक्का लिएको छ । यसरी २ वटा पोखरीबाट रु. ६०,०००।- आम्दानी गरेको छ ।



६ जना समुह सदस्यहरुलाई ढाकी बुन्नको लागि रु. ५,०००।- को दरले एलसीडब्लुएसबाट सहयोग गरेको थियो । ८ जनाले चाँहि समुह बचतबाट रकम उठाएर कुल १४ जना समुह सदस्यहरु स्वरोजगार गरि ढाकी बनाउने काम व्यवसायिक रुपमा गरिरहेका छन् । हालमा सरदरमा १ जनाले मासिक रु. १०,०००।- को आम्दानी गरिरहेको छ । १ जना समुह सदस्यले एलसीडब्लुएसको रु. ५,०००।- आर्थिक सहयोगबाट तरकारी किनबेच निरन्तर गरिरहेको छ, अहिले सरदरमा मासिक रु. ९,०००।- को आम्दानी गरिरहेको छ । अन्नबाली तथा तरकारी उत्पादनको तालिम पाएर समुह सदस्यहरुको उत्पादनमा वृद्धि भएको छ ।



एलसीडब्लुएसको सहयोगमा अन्न भकारीको स्थापना गरिएको छ । भदौ-असोजको अनिकालमा समुह सदस्यहरुको लागि खाद्य सुरक्षा भइरहेको छ । गाउँमा भानुभक्त प्रावि रहेको छ र विद्यालयको शैक्षणिक तथा प्रशासनिक अवस्था अत्यन्तै दयनीय थियो । भानुभक्त प्रावि नजिकैको अन्य माविमा गाभ्ने अवस्था भइसकेको थियो । तर यस अवस्थामा समुदायको सक्रियतामा विद्यालयको सञ्चालक समिति फेरिएको छ । यस कारणले शैक्षणिक गुणस्तरमा सुधार भएको छ । समुह सदस्यको सबै बालबालिकाहरु नियमित विद्यालय गईराखेका छन् ।

१ जना समुह सदस्य खुश्बु सोरेनले आफ्नो लगानी तथा समुहको बचतबाट रु. २५,०००।- उठाएर खेत खनजोतको लागि पावर टिलर लिनुभएको छ । अहिले खेतीपाती गर्न धेरै सहज भएको छ । समुह सदस्यहरुको सक्रियतामा सागेन बाहा कृषि सहकारी सँस्था लिमिटेडको स्थापना गरिएको छ । सहकारीको बचत रु. १०५०००।- रहेको छ । रुपान्तरणीय शिक्षा केन्द्रबाट ८ जना समुह सदस्यहरुले अक्षर ज्ञान सिक्न सकेका छन् र सामान्य लेखपढ गर्न सक्छन् । विभिन्न सवालहरुमा छलफल पश्चात समुह सदस्यहरुले गाविसबाट चर्पीको लागि रिङ्ग ल्याउन सफल भएका छन् । बाटो ग्राभेल गरिएको छ, विद्यालयमा शैक्षणिक सुधार भएको छ । समुह सदस्यहरुको बच्चा नियमित विद्यालय गईरहेको छ । अहिले समुदायहरु राम्रो भविष्यको लागि आशावादी छन् । समुह सदस्यहरुमा सकरात्मक परिवर्तन भएको छ । समुदायको सामाजिक आर्थिक अवस्थामा परिवर्तन आएको छ । समुह सदस्यहरुको भनाई अनुसार एलसीडब्लुएसको परियोजनाले हामीलाई नयाँ दिशा दिएको छ । दिशा अनुसार

हिँड्दा-गर्दा हाम्रो सो परिवर्तन भएर सिँगो गाउँकै दशामा परिवर्तन आएको छ । अहिले समुदाय संगठित भएर समुह तथा सहकारीमा आबद्ध छन्, साथै धेरै खुशी छन् ।

## ५.३ अध्याँरो गाऊँमा बिजुली बत्तीको झिलिमिली

लुथरन सामुदायिक कल्याण समाजको पहलमा होक्लाबारी गाविस वार्ड नं ९, विरटोलमा सिकियम बाहा नामक समुहको गठन २०७१ सालमा गरिएको थियो । विरटोलमा जम्मा ४१ घरधुरीको बसोबार रहेको छ, जहाँ सन्थाल समुदायका मानिसहरुको बढी बाहुल्यता हुनको साथै केही बाहुन-क्षेत्रीहरु पनि रहेका छन् ।



उक्त गाऊँमा बिजुली बत्तीको पहुँच थिएन । रात परेपछि मानिसहरु टुकी बालेर आफ्नो घरको काम गर्ने गर्दथे । बिजुली अभावको कारणले बस्तीमा रात परेपछिको घरायसी कामहरुमा धेरै नै वाधा हुने गर्दथ्यो । त्यहाँ समुहको नियमित वैठक, वचत तथा छलफलमा उक्त बिजुलीको अभावको विषयमा सवाल उठाउन थालियो र समुहका मानिसहरुले वैठकमा गाऊँमा बिजुली बत्ती र पोल सहितको तार तान्ने भनेर निर्णय तथा योजना बनायो । यस योजना सहित समुहका सदस्य श्री दुला हास्दालाई गाविसमा पेश गर्ने जिम्मेवारी दिइयो ।

पछि गाविसले बत्ती नपुगेको ठाऊँ-गाऊँमा बिजुली पुऱ्याउने योजना गऱ्यो । उक्त योजनाको तर्जुमाको लागि सिकियम बाहा समुहको पहल उल्लेखनीय रहेको थियो । यसरी गाविसले निर्णय गरेपश्चात २०७२ साल जेठमा महिना बिलुली बत्ती पोल सहितको तार विरटोल सम्म तान्यो । उक्त कार्यको लागि रु. १,००,००० ।- को लगानी लागेको थियो । उक्त रकम गाविसबाट नै परिचालन भएको हो । अहिले लोडसेडिङ्गको समयमा बाहेक बिजुलीले गाउँ झिलिमिलि छ; र गाऊँका स्थानीय बासिन्दाहरु गाऊँमा बत्तीको पहुँच पुगेको कारणले धेरै खुशी छन् ।



समुहका अध्यक्ष सुस्मिता हास्दा भन्नुहुन्छः 'यो काम पहिले हामी गर्न सकेका थिएनौं, जब गाऊँमा एल.सी.डब्लु.एस.द्वारा समुह गठन गरियो; तब नियमित बचत तथा विभिन्न समस्याहरु उपर छलफल हुन थाल्यो, र विभिन्न योजनाहरु बनाई श्रोतको खोजी गर्न थाल्यो । अहिले समुहद्वारा हामी सबै संगठित भएका छौं ।'

## *५.४ जिल्ला स्तरीय मुसहर सँस्थाको स्थापना*




शिवसताक्षी न.पा. वार्ड नं. ९ झापा, 'जात सानो, सोच पनि सानो' भनेरे निजि निवासबाट भन्नुहुन्छ सोनेलाल ऋषिदेव । 'प्राय सबै जसो ऋषिदेव (मुसहर) को मुखको तीतो आभाष बोकेको आवाज हो यो । तर आज हामीले समाउने ठाऊँ पाएका छौं' भनेर भन्नुहुन्छः दिपक ऋषिदेव, शिवसताक्षी ९, झापा ।

शिवसताक्षी नगरपालिका वार्ड नं. ९, माइधार, कन्काई नदीको किनारका मुसहर समुहको सक्रियतामा लुथरन विश्व फेडेरेसनको आर्थिक सहयोगमा लुथरन सामुदायिक कल्याण समाजको आयोजनामा मिति २०७२ मंसिर २८ गतेका दिन गरिएको अभिमुखीकरण कार्यक्रमले त्यहाँको मुसहर समुदायको बस्तीमा आशाको किरण जाग्न पुग्यो । उनीहरुले समुह बनाई मासिक रुपमा बचत गर्ने बानीको विकास गरे । फलस्वरुप आजका दिनसम्म सो कोषको रकम रु. ११११०५५ ।- जम्मा गरेका छन् । सो रकमलाई त्यहाँका मुसहर समुदायका सदस्यहरुलाई न्यून ब्याजमा परिचालन गरिएको छ ।

'मलाई सँस्थाले ठूलो गुण लगयो ।'-अर्जुन ऋषिदेव, उहाँको श्रीमति सुत्केरी गराउनलाई उहाँ सँग कुनै पैसा थिएन, तर सँस्थाले रु. १००००।- सहयोग गरेर सो समस्या समाधान भएको हो । त्यसै गरि साने ऋषिदेवको श्रीमतिको सुत्केरी गराउन पनि सँस्थाले रु. १००००।- सहयोग गरेको छ । त्यति मात्र नभई समुहमा रहेको रकमबाट आइपरेको अकस्मात व्यवहार पनि पन्छाएको कुरा बताउनुहुन्छ, सोनेलाल ऋषिदेव । डिल्लीराम ऋषिदेव र विजय ऋषिदेवलाई रु. १००००।-को सहयोग दुवैलाई गरेर कतार पठाउन होस् या राजन ऋषिदेवको आमाको दाहसँस्कारमा रु. ५०००।- होस्, यसरी कटिबद्ध भई लागि परेका हुन् यहाँका मुसहर समुदाय ।



वि.सं. २००९ सालमा वन फँडानी गरि ७-८ घर परिवारले १६ विघा जमिन कब्जा गरि बसेका मुसहर अहिले केही घरभाडा त कोही ऐलानी जमिनमा सिमिति छन् । २७ घरधुरी रहेको मुसहर बस्तीका मुसहर प्रायः ज्याला मजदुरीमा काम गर्छन्, तर पनि महिनामा रु. २००।- जम्मा गर्ने बानीको विकास भएको छ, भन्नुहुन्छ सो समुहको कोषाध्यक्ष, रिता ऋिषिदेव ।

'हामीले समाउने ठाऊँ पाएका छौं' - दिपक ऋषिदेव । यहाँको मुसहरको सक्रियतामै एलडब्लुएफ र एलसीडब्लुएसको सहयोगमा जिल्ला स्तरीय जातिय सँस्था

'नेपाल ऋषिवंशी विकास संघ' दर्ता पनि गरिसकिएको छ । र नगरपालिकामा जातिय सँस्कारलाई जोगाउन भनि रकम पनि माग गरिसकिएको कुरा बताउनुहुन्छ सो सँस्थाका अध्यक्ष सोनेलाल ऋषिदेव । '२-३ वर्ष पहिले नै सरहरु आउनुभएको भए हामी निकै अगाडि पुग्ने थियौं।' केही खिन्न हुँदै भन्नुहुन्छ सो सँस्थाको सह-सचिव दिपक ऋषिदेव ।

## ५.५ अर्ध-व्यवसायिक तरकारी खेतीले गर्दा फेरिएको दैनिकी



मोरङ्ग जिल्लाको सोराभाग गाविस वार्ड नं ८, लगभग भारतीय सिमानासँग सटेर रहेको बैतौना टोलमा लगभग २८ घरधुरी र मुसहर समुदायको १६ घरधुरीको बसोबास रहेको छ । त्यस स्थानमा लुथरन विश्व फेडेरेसनको आर्थिक तथा प्राविधिक सहयोगमा लुथरन सामुदायिक कल्याण समाजले विगत २ वर्ष देखि मुसहर समुदायको बिचमा काम गर्दै आइरहेको छ ।

कार्यक्रम सञ्चालन गर्नु अघि मुसहर समुदायमा कुनै पनि प्रकारको जनचेतनामुलक कार्यक्रम, खाद्य सुरक्षा परियोजना खालका कुनै कार्यक्रहरु सँचालनमा थिएनन् । जब त्यस गाविसको सहजकर्ता श्री मेरी मुर्मुको अगुवाईमा लुथरन सामुदायिक कल्याण समाज एउटा समुहको गठन गऱ्यो, अनि उक्त समुहको नाम जागृति महिला बचत समुह राखियो । त्यस पश्चात ती समुदायका समुहलाई विभिन्न प्रकारको तालिम, आफ्नो हक अधिकार सम्बन्धी तथा सरकारी निकायमा जनताले पाउने सुविधाका बारेमा जानकारी समुदायले पाए । अनि जब एलसीडब्लुएसको कार्यक्रमको बारेमा थाहा पाए, ती समुदायले सँस्थासँग माग गर्न थाले । उनीहरुको माग अनुसार र सँस्थामा उपलब्ध सुविधा तथा कार्यक्रम अनुसार उनीहरुलाई तरकारी खेती गर्नको लागि सहयोग गरियो ।

अहिले ती समुदायले लगभग १४ कठ्ठामा तरकारी खेती गर्दैछन् । जागृति समुहका अध्यक्ष श्रीमति तारादेवी ऋषिदेव (५५) भन्नहुन्छः 'अहिले हामी धेरै खुशी छौं, अहिले हामी बेरोजगारी छैनौं । आम्दानी राम्रै भइराखेको छ ।' श्रीमति तारादेवीकी पत्नी श्री लखन ऋषिदेव (४८) भन्नुहुन्छः 'हामी लुथरनलाई धेरै धन्यवाद दिन्छौ, कि हामी जस्तो दलित समुदायमा काम गर्छ । र हामीलाई गरिएको तरकारी खेतीबाट धेरै नै आम्दानी भईराखेको छ । तरकारी बेच्न कुनै प्रकारको कठिनाई छैन । कुनै कुनै बेला त भारतीय व्यापारीहरु खेतमा नै किन्न आउँछन् । अरु बेला हामी स्थानीय बजारमा बेच्न लान्छौं । एक सिजनको विक्रीमा लगभग रु. ६०,०००।- बराबरको आम्दानी हुन्छ ।' त्यसै गरि समुह सदस्यको बुधनी ऋषिदेव (४०) भन्नुहुन्छ, हामी अहिले धेरै खुशी छौं, बचत गर्न सिकेका छौं । समुह वैठकमा आफ्नो आफ्नो समस्याको बारेमा छलफल गर्दछौं । सँस्थाको तर्फबाट उहाँहरुलाई सिँचाईको लागि पानी तान्ने मेसिन, हजारी, स्प्रे ट्याङ्की उपलब्ध गराइदिएको छ । त्यसै गरि कदमाहा गाविसको सरस्वती समुहको रुपादेवी ऋषिदेव (२५) लगभग १.५ कठ्ठामा तरकारी लगाउनुभएको छ । वहाँ जब व्यवसायिक तरकारी सम्बन्धी तालिम पाएपछि त्यहाँबाट उत्प्ररित भई यस व्यवसायमा लागेका हुन् । उनका पति दिपक ऋषिदेव (२७) बीएस्सी पढ्दै हुनुहुन्छ । निजि स्कुलमा पढाउनुहुन्छ र बाँकी समय वहाँ र पत्नी, आमा मनेश्वरी ऋषिदेव (५१) तरकारी खेतीमा नै व्यस्त रहन्छन् । आमा



भन्नुहुन्छः सँस्थाले हाम्रो लागि धेरै राम्रो काम गर्दैछ। बेरोजगारी भएर बस्नु परेको छैन, आम्दानी राम्रो भईराखेको छ। पैसा कमाई भएको छ, आफूलाई पनि खान पुगेकै छ, घर खर्च राम्रै चलिआएको छ।
सँस्थाको तर्फबाट रुपदेवी ऋषिदेवलाई १ थान स्प्रे ट्याँकी, हजारी र सिँचाईको लागि १ सेट पानी तान्ने मेसिन उपलब्ध गराएको छ। आउँदा दिनहरुमा ती परिवारहरुलाई अन्य प्राविधिक सहयोगहरु गरियो भने अवश्य नै अझ राम्रा परिणामहरु आउने आशा गर्न सकिन्छ।

## ५.६ मुसहर बस्तीमा कल निर्माणद्वारा समुदायमा मेलमिलाप

मोरङ्ग जिल्लाको रंगेली गाविस अहिल्यै नगरपालिकामा परिवर्तन भएको रँगेली हस्पिटलका उत्तर पट्टी एउटा मुसहर वस्ती रहेको छ। त्यस वस्तीमा कुल घरधुरी ३७ छ। त्यस मध्ये ऋषिदेवको कुल ३२ घरधुरी रहेको छ। त्यस गाऊँमा घरधुरीको हिसाबले खानेपानीको अभाव रहेको थियो।

जब एल.डब्लु.एफ.को आर्थिक सहयोगमा लुथरन सामुदायिक कल्याणले दिगो जिविकोपार्जन तथा खाद्य सुरक्षा परियोजना संचालनमा ल्यायो र सम्बन्धित गाविसका सहजकर्ता श्री सुदेशी ऋषिदेवको अगुवाईमा दुई वटा समुहको गठन भयोः पहिलो दिनाभद्री महिला बचत समुह र दोश्रो माई निरसो महिला बचत समुह। उक्त समुह सदस्यहरु मासिक रुपमा वैठक बस्ने, विभिन्न कुरामाथि छलफल गर्ने गर्दछन्। बेलाबेलामा समुहहरुलाई सरकारी निकायका कर्मचारीहरुलाई समुहमा बोलाई सरकारी सेवा सुविधाको बारेमा जानकारी दिन लगाउने र जानकारी लिन गरिँदै आएको छ। यसो गर्दा समुहमा एक प्रकारको चेतना जागरण ल्याएको छ। समुदायले पाउनुपर्ने सेवा सुविधाको बारेमा खोज्न थालेका छन्। उदाहरणको लागि बालबालिकाले पाउने पौष्टिक आहार, जन्म दर्ता, मृत्यु दर्ता, वृद्धा भत्ता, नागरिकता, शिक्षा आदि।

कार्यक्रमकै सिलसिलामा खानेपानीको लागि समुहबाट एलसीडब्लुएसमा खानेपानीको माग गर्न थाले। एलसीडब्लुएसका सहजकर्ता श्री सुदेशीको अगुवाईमा नगरपालिकामा पनि गए तर कतैबाट उपलब्ध नभएको खण्डमा लुथरन सामुदायिक कल्याण समाजमा समुहको सिफारिस निवेदन आयो। ती समुदायमा खानेपानीको अभाव थियो। जहिल्यै झगडा भईरहने, तँछाडमछाँड भइरहने गर्दथ्यो। जब लुथरन समुदायले ती समुहका मानिसलाई खानेपानी उपलब्ध गराईदिए पश्चात ती समुहमा झगडा धेरै नै कम भएको छ भनेर समुह अध्यक्ष श्रीमती जितनीदेवी ऋषिदेव (५५) भन्नुहुन्छ। अर्को माइनिरसोको समुह अध्यक्ष श्रीमति रुकमणीदेवी ऋषिदेव (४०) भन्नुहुन्छः 'जब देखि लुथरनले खानेपानीको व्यवस्था गरिदिएको छ, हाम्रो बिचमा खानेपानीको झैं झगडा निकै नै कम भएको छ, मेलमिलाप हुन थालेको छ। एक अर्कामा भाईचाराको सम्बन्ध स्थापित हुन थालेको छ।'

त्यसैगरि समुहका सदस्य श्रीमति परियादेवी ऋषिदेव (५२) भन्नुहुन्छः 'यो भन्दा अगाडि पनि धेरै सँस्थाहरुले आश्वासन मात्रै दिए तर लुथरन सामुदायिक कल्याण समाजले हामीले सोचे भन्दा बढी नै सहयोग गरिदिएको छ। खानेपानी पाएर हामी शुद्ध खानेपानी तथा ताजा खानेपानी पायौं। कल पनि ढलाई गरिदिएको छ, जसका लागि एलसीडब्लुएसलाई हृदयबाट नै धन्यवाद भन्न चाहन्छौं।'



उक्त समुदायमा एलसीडब्लुएसले जम्मा ३ वटा खानेपानी कल सहयोग गरिदिएको छ, जसबाट १५ घरधुरीलाई स्वच्छ खानेपानीको प्रत्यक्ष सहयोग पुगेको छ। उक्त कल निर्माण पश्चात ती समुदायमा बसोबास गरिरहेका मानिसहरुको बीचमा मेलमिलापमा सुधार आएको छ।

# ६. वित्तिय सारांश:

## ६.१ 'सन्थाल तथा मुसहर सशक्तिकरण तथा क्षमता अभिवृद्धि परियोजना'को वित्तिय सारांश (वर्ष २०१४–२०१६)

| क. | कार्यक्रम खर्च : | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क.सं | विवरण | वार्षिक स्विकृत बजेट | | | जम्मा बजेट | वार्षिक खर्च | | | जम्मा खर्च |
| | | २०१४ | २०१५ | २०१६ | | २०१४ | २०१५ | २०१६ | |
| १ | नतिजा १.१ | २६९,५०८ | ३१७,६२९ | २८३६२९ | ८७०,७६६ | २६९,३४२ | ३१६,८६१ | २८३६२९ | ८६९,८३२ |
| २ | नतिजा १.२ | ७९,२०० | ४३,९४२ | २१४५०० | ३३७,६४२ | ७९,१४५ | ४३,९४२ | २१४४५३ | ३३७,५४० |
| ३ | नतिजा १.३ | १२,००० | ४२,६०० | १०५०० | ६५,१०० | ९,००० | १२,२०० | १०५६० | ३१,७६० |
| ४ | नतिजा २.१ | ३०३,०१५ | ६२५,५२३ | ४९४७९४ | १,४२३,३३२ | ३०४,४२० | ४७५,२७१ | ४९५४१२ | १,२७५,१०३ |
| ५ | नतिजा २.२ | २७४,५८५ | ३३७,४६५ | ७२९२९८ | १,३४१,३४८ | २७५,३८५ | ३३७,२४९ | ७३२१९४ | १,३४४,८२८ |
| ६ | नतिजा २.३ | ६६,८१५ | १०५,७०० | ५३६७६० | ७०९,२७५ | २८,३५१ | १०५,७९२ | ५३७०५० | ६७१,१९३ |
| ७ | नतिजा ३.१ | १८३,००० | २११,७०० | ६३२१५० | १,०२६,८५० | १६७,३८३ | २११,४८१ | ६३२१०० | १,०१०,९६४ |
| ८ | नतिजा ३.२ | १६८,६८० | ३०९,८७५ | २८६७२० | ७६५,२७५ | १४३,३२५ | २६८,२१४ | २८६७२० | ६९८,२५९ |
| ९ | नतिजा ३.३ | ९०,२१५ | १९,६५० | ३४०२९ | १४३,८९४ | ७६,१४० | १९,७०५ | ३३०२९ | १२८,८७४ |
| जम्मा कार्यक्रम खर्च: | | १,४४७,०१८ | २,०१४,०८४ | ३,२२२,३८० | ६,६८३,४८२ | १,३५२,४९१ | १,७९०,७१५ | ३,२२५,१४७ | ६,३६८,३५३ |
| ख. | व्यवस्थापन खर्च | | | | | | | | |
| क.सं | विवरण | वार्षिक स्विकृत बजेट | | | जम्मा बजेट | वार्षिक खर्च | | | जम्मा खर्च |
| | | २०१४ | २०१५ | २०१६ | | २०१४ | २०१५ | २०१६ | |
| १ | कार्याक्रम व्यस्थापन खर्च | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २ | कर्मचारी तलब तथा सुविधा | २६८,७३२ | ६४८,२१० | १८६८४० | १,१०३,७८२ | २६८,७३२ | ६२१,७४७ | १८४४८५ | १,०७४,९६४ |
| ३ | यातायात खर्च | ३६,०८४ | ५६,८०१ | ४८८६८ | १४१,७५३ | ३७,६५४ | ४९,८३९ | ४८७७५ | १३६,२६८ |
| ४ | कार्यालय संचालन खर्च | ६५,४४३ | ८८,८८१ | ९७५५३ | २५१,८७७ | ६४,७१९ | ७५,७२४ | ९७७६७ | २३८,२१० |
| ५ | संस्थागत विकास खर्च २ % | २५,९४० | ३७,२८२ | ६१३४९ | १२४,५७१ | २४,०५० | ३२,८१४ | ६०३०३ | ११७,१६७ |
| ६ | कार्यालय उपकरण खरिद | ० | ३३,५०० | ० | ३३,५०० | ० | ३३,५०० | ० | ३३,५०० |
| जम्मा व्यवस्थापन खर्च | | ३९६,१९९ | ८६४,६७४ | ३९४,६१० | १,६५५,४८३ | ३९५,१५५ | ८१३,६२४ | ३९१,३३० | १,६००,१०९ |
| कुल बजेट तथा खर्च (क+ख) | | १,८४३,२१७ | २,८७८,७५८ | ३,६१६,९९० | ८,३३८,९६५ | १,७४७,६४६ | २,६०४,३३९ | ३,६१६,४७७ | ७,९६८,४६२ |

## ६.२ 'दिगो जिजिकोपार्जन तथा खाद्य सुरक्षा परियोजना'को वित्तिय सारांश (वर्ष २०१५-२०१६)

| क. | कार्यक्रम खर्च: | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र.स. | विवरण | वार्षिक स्विकृत बजेट | | | जम्मा बजेट | वार्षिक खर्च | | | जम्मा खर्च |
| | | २०१४ | २०१५ | २०१६ | | २०१४ | २०१५ | २०१६ | |
| १ | नतिजा १.१ | ० | ५९६,३१३ | ५०७,८६० | १,१०४,१७३ | ० | ५२४,३३४ | ५०७,७८४ | १०३२११८ |
| २ | नतिजा १.२ | ० | ३८८,९०० | ६९७,१३९ | १,०८६,०३९ | ० | २४७,४०९ | ६९७,१५२ | ९४४५६१ |
| ३ | नतिजा १.३ | ० | ० | ५२५,८२७ | ५२५,८२७ | ० | ० | ५२५,७९८ | ५२५७९८ |
| ४ | नतिजा २.१ | ० | ३८४,८७० | १,२५३,३३५ | १,६३८,२०५ | ० | ४९४,३३० | १,२५३,१८८ | १७४७५१८ |
| ५ | नतिजा २.२ | ० | १,२३९,५०० | १,८१८,६४८ | ३,०५८,१४८ | ० | १,२१९,८४० | १,८२१,१६५ | ३०४१००५ |
| ६ | नतिजा २.३ | ० | ० | ० | ० | ० | | | ० |
| ७ | नतिजा ३.१ | ० | १,०२५,००० | २,००९,८३० | ३,०३४,८३० | ० | ८०९,२१५ | २,०१२,९०० | २८२२११५ |
| ८ | नतिजा ३.२ | ० | ८०९,८३६ | १,१४३,९०४ | १,९५३,७४० | ० | ८१७,६४८ | १,४३५,७४० | २२५३३८८ |
| ९ | नतिजा ३.३ | ० | ० | ० | ० | ० | ० | ० | ० |
| जम्मा कार्यक्रम खर्च | | | ४,४४४,४१९ | ७,९५६,५४३ | १२,४००,९६२ | ० | ४,११२,७७६ | ८,२५३,७२७ | १२,३६६,५०३ |
| ख. | व्यवस्थापन खर्च: | | | | | | | | |
| क.सं | विवरण | वार्षिक स्विकृत बजेट | | | जम्मा बजेट | वार्षिक खर्च | | | जम्मा खर्च |
| | | २०१४ | २०१५ | २०१६ | | २०१४ | २०१५ | २०१६ | |
| १ | कार्याक्रम व्यस्थापन खर्च | ० | १३३,३१० | ७२,००० | २०५,३१० | ० | ११९,६४१ | ७१,५१२ | १९११५३ |
| २ | कर्मचारी तलब तथा सूविधा | ० | ८२४,७५४ | १,१७५,८५२ | २,०००,६०६ | ० | ८२४,४७२ | ९१३,६१० | १७३८०८२ |
| ३ | यातायात खर्च | ० | ६६,००० | ६७,३४५ | १३३,३४५ | ० | ३५,३०८ | ६७,३७२ | १०२६८० |
| ४ | कार्यालय संचालन खर्च | ० | १११,४८३ | १५१,७८५ | २६३,२६८ | ० | १०६,०४१ | १५१,७९१ | २५७८३२ |
| ५ | संस्थागत विकास खर्च २% | ० | ८०,५५८ | १३७,९२७ | २१८,४८५ | ० | ७१,०५२ | १३१,९५३ | २०३००५ |
| ६ | कार्यालय उपकरण खरिद | ० | ३६३,४७५ | ० | ३६३,४७५ | ० | २०३,२३५ | ० | २०३२३५ |
| ७ | मोटर साइकल खरिद | ० | ४९७,५३४ | ० | ४९७,५३४ | ० | ४९६,७७५ | ० | ४९६७७५ |
| ८ | वेबसाइट निर्माण | ० | ० | २०२५० | २०,२५० | ० | ० | २०२५० | २०२५० |
| जम्मा व्यवस्थापन खर्च | | | २,०७७,११४ | १,६२५,१५९ | ३,७०२,२७३ | ० | १,८५६,५२४ | १,३५६,४८८ | ३,२१३,०१२ |
| कुल बजेट तथा खर्च (क+ख) | | | ६,५२१,५३३ | ९,५८१,७०२ | १६,१०३,२३५ | ० | ५,९६९,३०० | ९,६१०,२१५ | १५,५७९,५१५ |

# ७. तस्वीरमा परियोजनाका थप झलकहरू:



मेडीटोल बबियाविर्तामा निर्माण गरिएको तटबन्ध, जसबाट ४० मुसहर घरपरिवारहरू बाढीको जोखिमबाट बच्न सकेको छन् ।



जनप्रिय उ.मा.वि, बबियाविर्तामा विद्यालय विपद व्यवस्थापन गठन गरिँदै ।





गाडाटोल विपद व्यवस्थापन समिति, होक्लाबारीका महिला सदस्यहरू अन्न भण्डार निर्माणमा तनमनका साथ लाग्दै ।



नदीकटान नियन्त्रणका लागि जलिया-३, बबियाविर्ता स्थित झर्नाटोल नजिक कोचनी खोलामा बाँध निर्माण गरिँदै ।



रूपान्तरणीय शिक्षा केन्द्रमा समुह सदस्यहरू सहभागी हुँदै ।



अर्धव्यवसायिक तरकारी खेतीमा रमाउँदै होक्लाबारीकी अगुवा कृषक राधा टुडु ।



मलिमर्साल समुह, शिश्वनीजहदाका सदस्यहरू स्थानीय योजना तर्जुमा सम्बन्धि अभिमुखीकरण तालिममा सहभागी हुँदै ।



नेपाल सन्थाल आदीवासी उत्थान संघ, मोरङ्गको पञ्चवर्षीय रणनीतिक योजना विषयक कार्यशाला गोष्ठी ।




झापा तथा मोरङ्गका जिल्ला स्तरीय मुसहर सँस्थाहरूको पञ्चवर्षीय रणनीतिक योजना कार्यशाला गोष्ठीको समापन पछिको सामुहिक तस्वीर ।





ट्युसन कक्षामा अध्यनरत सन्थाल–मुसहरका बालबालिकाहरू ।





जिविकापार्जनको लागि च्याऊ खेतीमा संलग्न तोपगाछी-झापाकी एक महिला ।



अपाङ्गता भएका व्यक्तिलाई साइकल मर्मतका लागि गरिएको सहयोग ।



व्यवसायिक तरकारी खेतीका लागि गरिएको सिँचाई सहयोग ।




विश्व हात धुलाई दिवसको अवसरमा दर्वेशा मोरङ्गमा निकालिएको जनचेतनामुलक ऱ्याली ।



मुसहरी टोल, कदमाहा-मोरङ्गमा आयोजित Orientation on CLTS कार्यक्रममा हात धुने तरिका सिक्दै सहभागी बालबालिकाहरू ।


झापा जिल्लाका जिल्लास्तरीय सरोकार निकायद्वारा परियोजना कार्यक्षेत्रको स्थलगत अनुगमन तथा भ्रमण ।


मोरङ्ग जिल्लाका जिल्लास्तरीय सरोकार निकायद्वारा परियोजना कार्यक्षेत्रको स्थलगत अनुगमन तथा स्थानीय समुदायसँग अन्तरक्रिया ।


DPAC Meeting को अवसरमा झापामा वार्षिक प्रगति प्रतिवेदन तथा कार्ययोजना प्रस्तुत गरिँदै ।


गाविस स्तरीय सल्लाहकार समितिको वैठक, रँगेली–मोरङ्गको एक झलक ।


दातृ निकाय ALWS तथा LWF-Nepal का प्रतिनिधिहरूद्वारा स्थलगत अनुगमन भ्रमणका क्रममा समुदायका समुह सदस्यहरूसँग अन्तरक्रिया गर्दै ।


दातृ निकाय ELCA का प्रतिनिधिहरूद्वारा स्थलगत अनुगमन भ्रमणका क्रममा समुदायका समुह सदस्यहरूसँग अन्तरक्रिया गर्दै ।

## दातृ संँस्था

Australian Lutheran World Service

Evangelical Lutheran Church in America

## सहयोगी सँस्था

The Lutheran World Federation

## सम्पर्कः

लुथरन सामुदायिक कल्याण समाज
Lutheran Community Welfare Society (LCWS)
2066

**लुथरन सामुदायिक कल्याण समाज (LCWS)**
**रँगेली न.पा.-२, मोरङ्ग**
**फोन नं.:** ९८४२०४५७२६, ९८१९०१२८२५, ९८१५३६६६४४
**इमेलः** lcwsmorang2@gmail.com
**वेबसाइटः** www.lcwsnepal.org